# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

## पद–सन्दर्भ पुस्तिका

# पहिलो भाग (पाठ १–४)

## पाठ १

सूचना

यस चौथो शिक्षाक्रमको अध्ययन तपाईंले प्रत्येक पाठका उत्तरहरू नयाँ नियमको बाइबलका विभिन्न पुस्तकबाट सङ्ग्रहित गरिएका पद – सन्दर्भहरूको सहायताद्वारा यहाँले आफ्ना उत्तरपुस्तिकामा जवाफहरू लेख्नुपर्नेछ।

हामी यस चौथो शिक्षाक्रम "प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?" नामक बाइबल –अध्ययन शिक्षाक्रमलाई तीन भागमा लगाएकाछौं।

१. पहिलो भाग – पाठ १ –४

२. दोस्रो भाग – पाठ ५–७

३. तेस्रो भाग – पाठ ८ –१०

माथि उल्लेखित पाठ्यक्रमहरू अध्ययनको निम्ति सम्बन्धित शिक्षाक्रमका सामाग्रीहरू डाउनलोड गर्न नबिर्सनु होला। धन्यबाद।

### क – एउटा भूतग्रस्त भएको मानिस लूका ८:२६–३६

२६ अनि उहाँहरू डुङ्गामा चढेर गादारेनीको देशमा आइपुग्नुभयो , जो गालिलको पारिपट्टि पर्दछ । २७
अनि जब उहाँ जमिनमा उत्रनुभयो, तब शहरबाट कुनै एउटा मानिसले उहाँलाई भेट्यो, जसमा धेरै
समयदेखि दुष्टआत्माहरू थिए, र लुगा लगाउँनथ्यो, न ता घरमा नै बस्थ्या, तर चिहानहरूमा । २८अनि
येशूलाई देखेर त्यो चिच्यायो, र उहाँका साम्‍ भुइँमा घोप्टो पऱ्यो, अनि चर्को स्वरले भन्यो : "हे येशू,
परमप्रधान परमेश्वरका पुत्र, तपाईंसँग मेरो के काम छ र ? म तपाई.लाई बिन्ती गर्दछु, मलाई पीड़ा
नदिनुहोस् !" २९ (किनकि उहाँले त्यस अशुद्ध आत्मालाई, त्यस मानिसबाट निस्कनु भनी आज्ञा दिनुभएको
थियो । किनकि त्यसले त्यसलाई घरीघरी पक्रेको थियो; अनि त्यो साङ्ला र नेलहरूले बाँधिएर राखिएको
थियो; अनि त्यसले ती बन्धनहरू चुड़ाउँथ्यो, र दुष्ट आत्माद्वारा त्यो उजाड स्थानतिर लगिन्थ्यो ।) ३० अनि
येशूले यसो भन्दै त्यसलाई सोध्नुभयो : "तेरो नाम के हो ?" अनि त्यसले भन्यो : "फौज"; किनकि
त्यसभित्र धेरै दुष्ट आत्माहरू पसेका थिए । ३१अनि 'हामीलाई अथाह कुण्डमा जाने आज्ञा नदिनुहोस्' भन्दै
तिनीहरूले उहाँलाई बिन्ती गरे । ३२ अनि त्यहाँ पहाडमा चरिरहेका धेरै सुङ्गुरहरूको एउटा बगाल थियो;
अनि 'हामीलाई तिनीहरूभित्र पस्ने अनुमति दिनुहोस्' भन्दै तिनीहरूले उहाँलाई बिन्ती गरे; र उहाँले
तिनीहरूलाई अनुमति दिनुभयो । ३३ तब दुष्ट आत्माहरू त्यस मानिसबाट निस्केर सुङ्गुरहरूभित्र पसे; अनि
त्यो बगाल डरलाग्लो प्रकारले ओरालै-ओालो दगुरेर झिलभित्र जस्यो, र ती निसासिए । ३४ अनि तिनलाई

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?
## पद–सन्दर्भ पुस्तिका

चराउनेहरू त्यो भएको घटना देखेर भागे, अनि गएर शहर र गाउँहुँदो त्यो कुरा सुनाए । ३५ तब तिनीहरू
त्यो भएको घटना हेर्न निस्केर गए; अनि येशूकहाँ आए, र त्यस मानिसलाई, जसबाट दुष्ट आत्माहरू
निस्केर गएका थिए, लुगा पहिरेको र ठीक होसमा भएर येशूका पाउनिर बसिरहेको देखे; अनि तिनीहरू
डराए । ३६अनि देख्नेहरूले पनि तिनीहरूलाई, दुष्ट आत्मा लागेको मानिस कुन रीतिले निको पारियो, सो
बताइए । ३७ तब गादारेनीका वरिपरिका इलाकाका सार भीड़ले उहाँलाई, हाम्रो बीचबाट गइदिनुहोस् भनी
बिन्ती गरे, किनकि तिनीहरू साह्रै डराएका थिए । अनि उहाँ डुङ्गाभित्र पसेर फर्कनुभयो । ३८अब त्यस
मानिसले, जसबाट दुष्ट आत्माहरू निस्केको थिए, 'म तपाईंसँगै रहन पाऊँ,' भन्दै उहाँलाई बिन्ती गऱ्यो;
तर येशूले त्यसलाई यसो भन्दै पठाइखिनुभयो : ३९"आफ्नै घरमा फर्क, र परमेश्वरले तिम्रा निम्ति कति
ठूला-ठूला कामहरू गर्नुभएको छ, सो बताइदेऊ ।" अनि त्यो आफ्नो बाटो लाग्यो, र येशूले त्यसका निम्ति
कति ठूला-ठूला कामहरू गर्नुभएको थियो, सो कुरा सारा शहरभरि प्रचार गरिदियो

### ख – एउटी बिरामी स्त्री लूका ८ : ४० – ४८

४० अनि यस्तो भयो- जब येशू फर्कनुभयो, तब मानिसहरूले उहाँलाई स्यागथ गरे, किनकि ती
सबैले उहाँलाई पर्खिरहकको थिए । ४१अनि हेर, याइास नाम भएको एकजना मानिस आए, अनि तिनीचाहिँ
सभा घरका शासक थिए; अनि तिनले येशूका पाउमा घोप्टो परेर 'मेरो घरमा आईदिनुहोस्' भनी उहाँलाई
बिन्ती गरे

अनि हेर, याइरस नाम भएको एकजना मानिस आए,
तिनीचाहिँ सभाघरका शासक थिए; अनि तिनले येशूको पायमा घोप्टो परेर 'मेरो घरमा आइदिनुहोस्' भनी
उहाँलाई बिन्ती गरे । ४२किनभने तिनका एउटै मात्र प्रायः बाह्र वर्षकी छोरी थिई, र ऊ मर्न लागेकी थिई ।
तर उहाँ जाँदै गर्नुहुँदा भीड़ले उहाँलाई ठेलमठेला गऱ्यो ।

४३अनि बाह्र वर्षदेखि रगत बग्ने रोग लागेको एउटी स्त्री, जो आफ्नो सारा जीविका वैद्यहरूका
निम्ति खर्च गरेर पनि कसैद्वारा निको हुन सकेको थिइन, ४४उहाँको पछिल्तिर आई, र उहाँको वस्त्र किनार
छोई; अनि तुरून्तै उसको रगत बहाउ बन्द भइहाल्यो । ४५अनि येशूले भन्नुभयो :"कसले मलाई छोयो ?"
जब सबैले इन्कार गरे, तब पत्रुस र उनीसँग हुनेहरूले भने :"हे स्वामी, भीड़ तपाईंको वरिपरि खचाखच
छ, र ठेलमठेल गर्दछ, र तपाईं भन्नुहुन्छ, "कसले मलाई छोयो ?'" ४६अनि येशूले भन्नुभयोः "किनकि
मबाट शक्ति निस्केर गएको मैले थाहा पाएँ ।" ४७अनि 'मचाहिँ लुकेकी रहिनछु' भनी जब त्यस स्त्रीले थाहा
पाई, तब ऊ काम्दै आई, र उहाँका सामु घोप्टो परेर, कुन कारणले उसले उहाँलाई छोएकी थिई र कसरी
ऊ तुरून्तै निको भई, यो कुरा उसले उहाँलाई सबै मानिसहरूका सामु बताए । ४८अनि उहाँले उसलाई
भन्नुभयो :"छोरी साहस गर, तिम्रो विश्वासले तिमीलाई निको पारेको छ; शान्तिसित जाऊ ।"

### ग – एउटा शोकित परिवार लूका ८ : ४९–५६

४९उहाँले बोल्दै गर्नुहुँदा सभाघरका शासकको घरदेखि कोही आएर तिनीलाई यसो भन्यो :"तपाईंकी
छोरी मरिसकी; गुरूज्यूलाई दुःख नदिनुहोस् ।" ५०तर येशूले यो सुनेर तिनलाई यसो भन्दै जवाफ दिनुभयो
:"नडराऊ, विश्वासमात्र गर, र ऊ निको पारिनेछ ।" ५१ जब उहाँ घरभित्र पस्नुभयो, तब उहाँले पत्रुस,
याकूब, यूहन्ना र केटीका बुबार आमाबाहेक हरू कसैलाई भित्र पस्न दिनुभएन । ५२अनि सबैजना रोइरहेका
र उसका लागि विलाप गरिरहेका थिए; तर उहाँले भन्नुभयो :"नरोऊ; ऊ मरेकी छैन, तर निदाईरहेकी
छ ।" ५३अनि ऊ मरेकी नै हो भन्ने जानेर तिनीहरूले उहाँलाई खिसी गरेर हाँसिदिए । ५४अनि उहाँले
तिनीहरूलाई सबैलाई बाहिर निकाल्नुभयो, र उसको हात समातेर यसो भन्दै बोलाउनुभयो : "ए नानी,

ऊठ !" [५५]अनि उसको आत्मा फर्केर आयो, र ऊ तुरून्तै उठी; अनि 'उसलाई खानलाई केही दिनू' भनी
उहाँले आज्ञा गर्नुभयो । [५६]अनि उसका बुबा आमा छक्कै परी; तर 'यो भएको घटना कसैलाई नबताउनू'
भनी उहाँले तिनीहरूलाई कड़ा आज्ञा दिनुभयो ।

# पाठ २

## क – एउटा जवान धनी शासक    लूका १८ : १८–३०

[१८]अनि कुनै एउटा शासकले उहाँलाई यसो भन्दै सोध्यो :"हे असल गुरूज्यू, अनन्त जीवनको
अधिकार हुनलाई म के गरूँ ?" [१९]अनि येशूले उनलाई भन्नुभयो :"तिमीले मलाई किन असल भन्दछौ ?
एकजना अर्थात् परमेश्वरबाहेक अरू कोही असल छैन ।" [२०]तिमी आज्ञाहरू ता जान्दछौ :'व्यभिचार नगर,
हत्या नगर, नचोर, झूटो गवाही नदेऊ, आफ्नो बाबु र आफ्नी आमालाई आदर गर ।'" [२१]अनि उनले भने
:"यी सबैकुरा मैले मेरो बालककालदेखि नै पालन गर्दै आएको छु ।" [२२]अनि जब येशूले यी कुराहरू
सुन्नुभयो, तब उहाँले उनलाई भन्नुभयो :"तिमीमा अझै एउटा कुराको घटी छ । तिमीसँग भएका सबै
कुराहरू बेच, र गरिबहरूलाई बाँड़िदेऊ, र तिमीले स्वर्गमा धन पाउनेछौ; अनि आऊ, मेरो पछि लाग ।"
[२३]अनि यो कुरा सुनेर उनी साह्रै दुःखित भए; किनभने ऊ असाध्यै धनी थिए । [२४]अनि उसलाई साह्रै दुःखित
भएका देखेर उेशूले भन्नुभयो : "धन सम्पत्ति हुनेहरू कति कठिनसँग परमेश्वरको राज्यभित्र पस्नेछन् !
[२५]किनकि धनी मानिसलाई परमेश्वरको राज्यभित्र पस्नुभन्दा ता ऊँटलाई सियोको नाथ्रीबाट छिर्नु सजिलो
हुन्छ ।" [२६]अनि ती सुन्नेहरूले भने : "तब ता कसले मुक्ति पाउन सक्छ र ?" [२७]अनि उहाँले भन्नुभयो :
"मानिसहरूका निम्ति जुन कुराहरू असम्भव छ, ती परमेश्वरका निम्ति सम्भव छन् ।" [२८]तब पत्रुसले
भने : "हेर्नुहोस्, हामीले सबै कुरा त्यागेका छौं, र तपाईंका पछि लागेका छौं ।" [२९]अनि उहाँले तिनीहरूलाई
भन्नुभयो : "म तिमीहरूलाई साँचो भन्दछु, परमेश्वरका राज्यका निम्ति घर वा बाबुआमा वा दाजुभाइ वा
स्वास्नी वा छोराछोरीहरू त्यागेपछि [३०]यही समयमा धेरै गुणा बेसी र आउनेवाला युगमा अनन्त जीवन
नपाउने कोही छैन ।"

## ख – एउटा गरिब, अन्धा भिखारीको मुक्ति    लूका १८ : ३५–४३

[३५]अनि यस्तो भयो - उहाँ यरिकोको नजिकमा आईपुग्नुहुँदा कुनै एउटा अन्धा मानिस बाटोको किनारमा
माग्दै बसिरहेको थियो; [३६]अनि भीड़लाई त्यहाँबाट भएर जाँदै गरेको सुनेर : "यो के हो ?" भनी त्यसले
सोध्यो । [३७]अनि तिनीहरूले त्यसलाई भने : "नासरतका येशू यहाँबाट जाँदै हुनुहुन्छ ।" [३८]अनि त्यो यसो
भन्दै करायो : "हे येशू, दाऊको पुत्र, ममाथि दया राख्नुहोस् !" [३९]अनि अगि-अगि जानेहरूले त्यसलाई,
"चूप लाग्" भनी हकारे; तर त्यो झन बेसी चिच्यायो : " "हे दाऊको पुत्र, ममाथि दया राख्नुहोस् !"
[४०]अनि येशू खड़ा हुनुभयो, र त्यो उहाँकहाँ ल्याइयोस् भनी आज्ञा गर्नुभयो; अनि जब त्यो उहाँको नजिक
आयो, तब उहाँले त्यसलाई यसो भन्दै सोध्नुभयो : [४१]"म तिम्रो निम्ति के गरूँ - तिमी के चाहन्छौ ?"
अनि त्यसले भन्यो : "हे प्रभु, म दृष्टि पाऊँ !" [४२]अनि येशूले त्यसलाई भन्नुभयो : "देख्ने होऊ; तिम्रो
विश्वासले तिमीलाई निको पारेको छ ।" [४३]अनि तुरून्तै त्यसले दृष्टि पायो र परमेश्वरको महिमा गर्दै
उहाँको पछि लाग्यो; अनि यो कुरा देखेर सबै मानिसहरूले परमेश्वरलाई प्रशंसा चढ़ाए ।

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

## पद–सन्दर्भ पुस्तिका

### ग – जक्कै नाम गरेको धनी मानिसको मुक्ति लूका १९ : १–१०

१ अनि येशू येरिकोभित्र पस्नुभयो, र त्यहाँबाट जाँदैहुनुहुन्थ्यो । २ अनि हेर, जक्कै नाम भएको एकजना
मानिस थिए, जो महसुल उठाउनेहरूका हाकिम थिए; अनि तिनी धनी थिए । ३ अनि उहाँ को हुनुहुँदो रहेछ
भनी तिनले येशूलाई हेर्न खोजिरहेका थिए, तर भीड़ले गर्दा तिनले सकेनन्; किनकि तिनी पुड्का थिए ।
४ अनि तिनी अगि दगुरे, र उहाँलाई हेर्न एउटा नेभारको रूखमा चढ़े; किनकि त्यही बाटो भएर उहाँ जानु
परेको थियो । ५ अनि जब येशू त्यस ठाउँमा आउनुभयो, तब उहाँले माथितिर हेर्नुभयो, "जक्कै, छिटो गरेर
ओर्ल, किनकि आज म तिम्रो घरमा बस्नुपर्छ ।" ६ अनि तिनी हतार गर्दै ओर्ले, र उहाँलाई आनन्दसाथ
स्वागत गरे । ७ अनि जब तिनीहरूले यो देखे, तब तिनीहरू सबै यसो भन्दै गनगनाए : "लौ, तिनी ता पापी
मानिससँग पाहुना बस्न गए ।" ८ अनि जक्कै उभिए, र प्रभुलाई भने : "हेर्नुहोस् प्रभु, मेरो सम्पत्तिको आधा
भाग म गरिबहरूलाई दिन्छु; र कुनै मानिसबाट मैले अन्याय गरेर केही लिएको छु भने म उसलाई चार
गुणा फिर्ता गरिदिन्छु ।" ९ अनि येशूले तिनलाई भन्नुभयो : "आज यस घरमा मुक्ति आएको छ, किनकि
यिनी पनि अब्राहामका छोरा हुन् । १० किनभने मानिसका पुत्र हराएकोलाई खोज्न र मुक्तत गर्न आएका
हुन् ।"

# पाठ ३ - ४

### क – शिमोन पत्रुसले प्रभु येशूलाई भेट्टाउाछन् यूहन्ना १ : ३५–४२

३५ फेरि भोलिपल्ट, यूहन्ना र उनका चेलाहरूमध्ये दुइजना उभिरहेका थिए; ३६ अनि येशूलाई हिँड्दै
गर्नुभएको देखेर उनले भने : "हेर, परमेश्वरका थुमालाई !" ३७ अनि ती दुइ चेलाहरूले उनले बोलेको सुने।
र तिनीहरू येशूका पछि-पछि लागे । ३८ तब येशू पछिल्तिर फर्किनुभयो, अनि तिनीहरूलाई पछि - पछि
आउँदै गरेका देखेर तिनीहरूलाई भन्नुभयो : "तिमीहरू के खोज्दछौ ?" अनि तिनीहरूले उहाँलाई भने : "हे
रब्बी, (जसको अर्थ 'गुरूज्यू' हो) तपाईं कहाँ बस्नुहुन्छ ?" ३९ उहाँले तिनीहरूलाई भन्नुभयो : "आओ, र
हेर ।" तिनीहरू आए अनि उहाँ बस्नुभएको ठाउँ देखे, र त्यो दिन उहाँसँगै रहे; किनकि समय दस बजे [ख]
भएको थियो । ४० यूहन्नाको कुरा सुनेर उहाँलाई पछ्याउने दुइजनामा एकजनाचाहिँ शिमोन पत्रुसका दाजु
अन्द्रियास थिए । ४१ तिनले पहिले आफ्नै भाइ शिमोनलाई भेटे, र उनलाई भने : "हामीले मसीहलाई (
जसको अर्थ 'ख्रीष्ट' [ग] हो ।) भेट्टाएका छौं ।" ४२ अनि तिनले उनलाई येशूकहाँ ल्याए । अनि येशूले उनलाई
हेरेर भन्नुभयो : "तिमी योनाका छोरा शिमोन हौ । तिमी केफास (जसको अर्थ 'पत्रुस' [घ] हो) भनिनेछौ ।"

### क – शिमोन पत्रुस प्रभुको पछि लाग्छन् लूका ५ : १ – ११

१ अनि यस्तो भयो - परमेश्नरको वचन सुन्नलाई भीड़ले उहाँमाथि ठेलमठेला गरेको बेला उहाँ
गेनेसरेत झीलको किनारमा उभिनुभएको थियो, २ अनि उहाँले दुइटा डुङ्गा झीलको किनारमा लागिरहेका
देख्नुभयो; तर मछुवाहरूचाहिँ तीबाट निस्केर आफ्ना जालहरू धोइरहेका थिए । ३ अनि उहाँ ती
डुङ्गाहरूमध्ये एउटामा चढ्नुभयो, जो शिमोनको थियो, र जमिनबाट अलिक परसम्म लैजानलाई आग्रह
गर्नुभयो । अनि उहाँ बस्नुभयो, र डुङ्गाबाट मानिसहरूलाई शिक्षा दिनुभयो । ४ अनि बोल्न बन्द गर्नुभएपछि
उहाँ शिमोनलाई भन्नुभयो : "गहिरोमा लैजाऊ, र माछा पक्रनका लागि आफ्ना जालहरू हाल ।" ५ अनि
शिमोनले जवाफ दिँदै उहाँलाई भने : "हे स्वामी, हामीले रातभरि मेहेनत गरेर पन केही पनि पक्रेका छैनौं,

तैपनि तपाईंले भन्नुभएकोले म जाल हाल्नेछु । [६] अनि जब तिनीहरूले यसो गरे, तब तिनीहरूले थुप्रै-थुप्रै माछा जालमा पारे, र तिनीहरूको जाल पनि फाट्‌ट थाल्यो । [७] अनि तिनीहरूले अर्को डुङ्गामा भएका आफ्ना साझेदारहरूलाई, उनीहरू आऊन् र तिनीहरूलाई सहायता दिऊन् भनेर इशारा गरे । अनि तिनीहरू आए र दुबै डुङ्गा भरे। यहाँसम्म कि ती डुब्न लागे । [८] जब शिमोन पत्रुसले यो देखे, तब तिनी यसो भन्दै येशूका घुँडामा घोप्टो परे : “हे प्रभु, मदेखि गइदिनुहोस्, किनकि म एउटा पापी मानिस हुँ !” [९] किनभने तिनी र तिनका साथमा हुनेहरू सबै आफूले पक्रेका माछाहरूका कारणले छक्कै परेका थिए; [१०] अनि यसरी नै जब्दीका छोरा याकूब र यूहन्ना पनि, जो शिमोनका साझेदार थिए, छक्कै परे । अनि येशूले शिमोनलाई भन्नुभयो : “नडराऊ; अबदेखि उसो तिमीले मानिसहरूलाई पक्रनेछौ ।” [११] अनि आफ्ना डुङ्गाहरू किनारमा ल्याएपछि सबैथोक त्यागेर तिनीहरू उहाँको पछि लागे ।

### ग – शिमोन पत्रुस पानीमाथि हिँड्छन्   मत्ती १४ : २२ – ३३

[२२] अनि तुरुन्तै येशूले आफ्ना चेलाहरूलाई आफूले भीड़हरूलाई बिदा गरून्जेल डुङ्गामा चढ्न र आफूभन्दा अगि पारिपट्टि जान कर लगाउनुभयो । [२३] अनि भीड़हरूलाई बिदा गर्नुभएपछि उहाँ प्रार्थन ागर्नलाई अलग्गै पहाडमाथि जानुभयो; अनि साँझ पर्दा उहाँ त्यहाँ एक्लै हुनुहुन्थ्यो । [२४] तर यस घड़ी डुङ्गचाहिँ समुद्रको बीचमा थियो, र छालहरूद्वारा हुत्याइँदै थियो; किनकि बतास अगाडिपट्टिबाट[क] आइरहेथियो । [२५] अनि रातको चौथो पहरमा[ख] येशू समुद्रमाथि हिँड्दै तिनीहरूकहाँ जानुभयो । [२६] अनि जब चेलाहरूले उहाँलाई समुद्रमाथि हिँडिरहनुभएको देखे, तब तिनीहरू, “यो ता भूत हो !” भन्दै आत्तिए; र तिनीहरू डरले चिच्याए । [२७] तर तुरुन्तै येशू यसो भन्दै तिनीहरूसँग बोल्नुभयो : “साहस गर ! म हुँ; नडराओ !” [२८] अनि पत्रुसले उहाँलाई जवाफ दिएर भने : “प्रभु, तपाईं हुनुहुन्छ भने मलाई पानीमाथि-माथि तपाईंकहाँ आउने आज्ञा दिनुहोस् ।” [२९] अनि उहाँले भन्नुभयो : “आऊ !” अनि डुङ्गाबाट उत्रेर पत्रुस येशूकहाँ जानलाई पानीमाथि हिँडे । [३०] तर तेज बतास देखेर तिनी डराए; डुब्न लाग्दै गर्दा तिनी यो भन्दै चिच्च्याए :“हे प्रभु, मलाई बचाउनुहोस !” [३१] अनि तुरुन्तै येशूले हात बढाएर तिनलाई पक्रनुभयो, र तिनलाई भन्नुभयो : “हे अल्प विश्वासी, तिमीले किन शङ्का गऱ्यौ ?” [३२] अनि जब उहाँहरू डुङ्गाभित्र पस्नुभयो, तब बतास थामिहाल्यो । [३३] तब ती डुङ्गामा हुनेहरूले आएर यसो भन्दै उहाँलाई दण्डवत गरे : “साँच्चै तपाई परमेश्वरका पुत्र हुनुहुन्छ ।”

### घ – शिमोन पत्रुस आफ्नो विश्वास स्वीकार गर्छन्   मत्ती १६ : १३ – १७

[१३] जब येशू सिजरिया फिलिप्पीका इलाकाहरूमा आउनुभयो, तब उहाँले आफ्ना चेलाहरूलाई यसो भन्दै सोध्नुभयो : “मानिसहरू के भन्छन् - म, मानिसका पुत्रचाहिँ को हुँ ?” [१४] अनि तिनीहरूले भने : “तपाईंलाई कसैले बप्तिस्मा दिने यूहन्ना, कसैले एलिया र अरूले यर्मिया अथवा भभिष्यवक्ताहरूमध्ये कुनै एक हुन् भनी भन्छन् ।” [१५] उहाँले तिनीहरूलाई भन्नुभयो : “तर तिमीहरूचाहिँ नि के भन्छौ - म को हुँ ?” [१६] अनि शिमोन पत्रुसले जवाफ दिएर भने : “तपाईं जीवित परमेश्वरका पुत्र खीष्ट हुनुहुन्छ ।” [१७] अनि येशूले जवाफ दिएर उनलाई भन्नुभयो : “योनका छोरा शिमोन्‍ तिमी धन्य हौ, किनकि मासु र रगतले तिमीलाई यो कुरा प्रकट गरेको होइन, तर मेरा पिताले, जो स्वर्गमा हुनुहुन्छ ।

## पाठ 4

### क – शिमोन पत्रुसले प्रभु येशूको महिमा देख्छन्  मर्कूश ९ : २ – ८

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

## पद–सन्दर्भ पुस्तिका

२ अनि छ दिनपछि येशूले पत्रुस, याकूब र यूहन्नालाई लिएर तिनीहरूलाई अलग्गै एउटा अग्लो
पहाडमाथि एकान्तमा लैजानुभयो; अनि तिनीहरूका साम्‌ उहाँको रूप परिवर्तन भयो । ३ अनि उहाँका
वस्त्रहरू चम्किने, हिउँजस्तै चौपट्टै सेता भए; यस्तो कि पृथ्वीमा कुनै धोबिले त्यस्तो सेतो पार्न सक्दैन । ४
अनि तिनीहरूकहाँ मोशासित यलिया देखा परे; अनि उनीहरू येशूसित बात गरिरहेका थिए । ५ अनि
पत्रुसले जवाफ दिएर येशूलाई भने : “हे रब्बी, हामीलाई यहाँ रहनु असल छ; र हामी तीनवटा डेरा
बनाऔं; तपाईंका निम्ति एउटा, मोशाका निम्ति एउटा र यलियाका निम्ति एउटा ।” ६ किनकि के भन्नुपर्ने
थियो, तिनले जानेनन्; किनभने तिनीहरू साह्र डराएका थिए । ७ अनि एउटा बादल आएर तिनीहरूलाई
ढाकिदियो, र त्यस बादलबाट यसो भन्ने आवाज आयो : “यिनी मेरा प्रिय पुत्र हुन्; यिनैको कुरा सुन ।” ८
अनि एक्कासी जब तिनीहरूले चारैतिर हेर, तब तिनीहरूले आफ्नो साथमा येशूलाई बाहेक फेरि अरू
कसैलाई देखेनन् ।

### ख – शिमोन पत्रुसले नम्रताको पाठ सिक्छन् यूहन्ना १३ : १–१७

१ अब निस्तार -चाडको अघि, यस संसारबाट पिताकहाँ जाने आफ्नो घड़ी आइपुगेको येशूले थाहा
पाएर संसारमा भएका आफ्नाहरूलाई प्रेम गरेर उहाँले तिनीहरूलाई अन्तसम्म प्रेम गर्नुभयो । २ अनि
बेलुकीको भोजन हुँदै गर्दा शैतानले शिमोनको छोरो यहूदा इस्करयोतिको हृदयमा उहाँलाई पक्राइदिने कुरा
हालिसकेको थियो । ३ पिताले सबैथोक उहाँकै हातमा दिनुभएको छ, अनि उहाँ परमेश्वरबाट आउनुभएको
हो र परमेश्वरकहाँ जानुहुन्छ भन्ने कुरा येशूले थाहा पाएर ४ उहाँ भोजनबाट उठ्नुभयो, अनि आफ्ना लुगा
एकातिर राखेर तौलिया लिनुभयो र आफ्नो कम्मरमा बाँध्नुभयो । ५ त्यसपछि उहाँले चुठ्वामा पानी
हाल्नुभयो, अनि चेलाहरूका पाउ धुन, र जुन तौलिया उहाँको कम्मरमा बाँधिएको थियो, त्यसैले पुछ्न
थाल्नुभयो । ६ जब उहाँ शिमोन पत्रुसकहाँ आउनुभयो, अनि उनले उहाँलाई भने : “हे प्रभु, के तपाईं मेरा
पाउ धुनुहुन्छ ?” ७ येशूले जवाफ दिएर उनलाई भन्नुभयो : “म के गर्दछु, तिमीले अहिले बुझ्दैनौ, तर
तिमीले पछि बुझ्नेछौ ।” ८ पत्रुसले उहालाई भने : “तपाईंले मेरो पाउ कहिल्यै धुनुपाउनु हुनेछैन ।” येशूले
सतनलाई जवफप दिनुभयो : “मैले तिमीलाई धोइनँ भने मसित तिम्रो केही भाग छैन ।” ९ शिमोन पत्रुले
उहाँलाई भने : “प्रभु, मेरा पाउमात्र होइन, तर मेरा हात र मेरो शीर पनि ।” १० येशूले उनलाई भन्नुभयो :
“जसले नुहाएको छ, उसलाई पाउहरू धुनुबाहेक अरू केही खाँचो छैन, तर ऊ पूरा शुद्ध छ; अनि तिमीहरू
शुद्ध छौ, तर सबै ता होइन ।” ११ किनकि आफूलाई पक्राउनेलाई उहाँले चिन्नुभएको थियो; यसकारण
उहाँले ‘तिमीहरू सबैचाहिँ शुद्ध छैनौ’ भन्नुभयो । १२ यसकारण जब उहाँले तिनीहरूका पाउ धुनुभयो र
आफ्ना लुगा पहिरनुभयो, तब फेरि बसेर उहाँले तिनीहरूलाई भन्नुभयो : “मैले तिमीहरूलाई के गरेको छु,
के तिमीहरू जान्दछौ ? १३ तिमीहरू मलाई ‘गुरू’ र ‘प्रभु’ भन्दछौ, अनि तिमीहरूले ठीक भन्दछौ; किनभने
म उही हुँ । १४ यसैकारढा मैले तिमीहरूका प्रभु र गुरू भएर तिमीहरूका पाउ धोएभने तिमीहरूले पनि
एक अर्काका पाउ धुनैपर्छ । १५ किनकि जस्तो मैले तिमीहरूलाई गरेको छु, त्यस्तै तिमीहरूले पनि गर्नुपर्छ
भने मैले तिमीहरूलाई एउटा उदाहरण दिएको छु । १६ साँचो - साँचो तिमीहरूलाइ भन्दछु, दास आफ्नो
मालिकभन्दा ठूलो हुँदैन, न ता पठाएको व्यक्ति आफूलाई पठाउनेभन्दा ठूलो हुन्छ । १७ तिमीहरू यी
कुराहरू जान्दछौ भने र यी कुराहरू गर्दछौ भने तिमीहरू धन्यका हौ ।”

### ग – शिमोन पत्रुसको असफलता लूका २२ : ३१– ३४, ३६ –४६, ५४–६२

३१ अनि प्रभु येशूले भन्नुभयो : “हे शिमोन, हे शिमोन, हेर गहुँजस्तै निफन्नालाई शैतानले
तिमीहरुलाई लिन चाहेको छ; ३२ तर मैले तिम्रो विश्वास नटुटोस भनेर तिम्रा निम्ति प्रार्थना गरेको छु; अनि
तिमी फर्केपछि आफ्ना भाइहरुलाई स्थिर पार ।” ३३ अनि उनले उहाँलाई भने : “हे प्रभु, म तपाईंसँग

झ्यालखानामा जानु र मर्नु पनि तयार छु ।" [३४] अनि उहाँले भन्नुभयो : "म तिमीलाई भन्दछु, पत्रुस, 'म
उहाँलाई चिन्दिनँ' भन्दै तिमीले तीनपल्ट इन्कार गर्नुभन्दा अघि आज भाले बास्नेछैनँ ।"

[३९] अनि उहाँ बाहिर निस्कनुभयो, र आफ्नो रीतिअनुसार उहाँ जैतुन - डाँडामा जानुभयो; असन
उहाँका चेलाहरु पनि उहाँको पछि लागे । [४०] अनि त्यस ठाउँमा पुगेपटि उहाँले तिनीहरुलाई भन्नुभयो : "
परीक्षामा नपर्नका निम्ति प्रार्थना गर ।" [४१] अनि उहाँ तिनीहरुबाट ढुङ्गा हानी -जतिको दूरीमा जानुभयो, र
घुँडा टेकेर यसो भन्दै प्राथैना गर्नुभयो : [४२] "हे पिता, तपाईंले चाहनुभयो भने यो कचौरा मबाट
हटाइदिनुहोस्; तरै पनि मेरो इच्छा होइन, तर तपाईंकै इच्छा पूरा होओस् ।" [४३] अनि स्वर्गबाट एकजना
दूत उहाँकहाँ देखा परे, जसले उहाँलाई सामर्थ्य दिरहेका थिए । [४४] अनि भारी व्यथामा परेर उहाँले अझै
यत्नसहित प्रार्थना गर्नुभयो; अनि उहाँको पसिना रगतका ठूला-ठूला थोपाझैं भुइँमा खसिरहेको थियो । [४५]
जब उहाँ प्रार्थनाबाट उठ्नुभयो र आफ्ना चेलाहरुकहाँ आउनुभयो, तब उहाँले तिनीहरुलाई शोखले गर्दा
निदाइरहेका भेट्टाउनुभयो, [४६] र तिनीहरुलाई भन्नुभयो : "तिमीहरु किन निदाइरहेकाछौ ? उठ, र प्राथैना
गर, नत्र तिमीहरु परीक्षामा पर्छौ ।"

[५४] तब तिनीहरुले उहाँलाई पक्रेर लगे, र उहाँलाई महापूजाहारीको घरभित्र ल्याए । अनि पत्रुसचाहिँ
टाढा-टाढाबाट पछ्याइरहेका थिए । [५५] अनि जब तिनीहरु चोकको बीचमा आगो सल्काएर एकसाथ बसे,
तब पत्रुस पनि तिनीहरुको बीचमा बसे । [५६] तर कुनै एउटी नोकरनीले उनलाई आगोको छेउमा बसिरहेका
देखी, र उनलाई खूबै नियालेर हेरी र भनी : "यो मान्छे पनि उसँग थियो !" [५७] अनि उनले यसो भन्दै
उहाँलाई इन्कार गरे : "हे नारी, म उसलाई चिन्दिनँ ।" [५८] अनि केही समयपछि अर्कोले उनलनई देख्यो र
भन्यो : "तिमी पनि तिनीहरुमध्येकै हौ !" तर पत्रुसले भने : "हे मानिस, म होइनँ ।" [५९] अनि एकघण्टा
जति बितेपछि अर्कोले यसो भन्दै दृढतापूर्वक निश्चयता दियो : " यो मान्छे पनि साँच्चै उसँगै थियो;
किनकि यो पनि गालीली हो ।" [६०] अनि पत्रुसले भने : "हे मानिस, तिमी के भन्दैछौ, म जान्दिनँ ।" अनि
तुरुन्तै, उनी बोल्दा-बोल्दै भाले बास्यो । [६१] अनि प्रभुले फर्केर पत्रुसलाई हेर्नुभयो । अनि पत्रुसले, भाले
बास्नुभन्दा पहिले तिमीले मलाई तीनपल्ट इन्कार गर्नेछौ भनी प्रभुले उनलाई भन्नुभएको वचन सम्झे । [६२]
अनि पत्रुस बाहिर गए, र धुरु-धुरु रोए ।

## घ – शिमोन पत्रुसले दुःख भोग्नुभएको ख्रीष्टलाई हेर्छन् १ पत्रुस २:२१ –२४

[२१] किनकि यसैका निम्ति तिमीहरु बोलाइएका हौ; किनभने उहाँकै पाइलाहरुका पछि - पछि हिँड
भनेर नै हाम्रा लागि एउटा नमुना छोड्दै ख्रीष्टले हाम्रो निम्ति दुःख भोग्नुभयो । [२२] उहाँले कुनै पाप
गर्नुभएन, न ता कुनै छलकपट नै उहाँको मुखमा पाइयो; [२३] उहाँले गाली खाएर सट्टामा गाली दिनुभएन;
उहाँले दुःख भोग्नुहुँदा धम्काउनुभएन; तर आफैलाई धर्ममय न्याय गर्नुहुनेको हातमा सुम्पनुभयो । [२४] हामी
पापहरुका निम्ति मरेर धार्मिकताका निम्ति बाँचौं भनेर उहाँ आफैले आफ्नो शरीरमा हाम्रा पापहरु
क्रूसमाथि[ख] बोक्नुभयो; उहाँकै चोटहरुद्वारा तिमीहरु निको पारियौ ।

## ङ–शिमोन पत्रुसले प्रभु येशूप्रति आफ्नो प्रेम स्वीकार गर्छन्   यूहन्ना२१:१५– १६

[१५] यसकारण तिनीहरुले भोजन खाइसकेपछि येशूले शिमोन पत्रुसलाई भन्नुभयो : "हे शिमोन,
योनाका छोरा, के तिमी यिनीहरुले भन्दा बेसी प्रेम गर्छौ ?" उनले उहाँलाई भने : "हजुर प्रभु, तपाईं
जान्नुहुन्छ, म तपाईंलाई माया गर्छु ।" उहाँले उनलाई भन्नुभयो : "मेरा पाठाहरुलाई[क] चराऊ ।' [१६]
उहाँले उनलाई फेरि दोस्रोपल्ट भन्नुभयो : "हे शिमोन, योनाका छोरा, के तिमी मलाई प्रेम गर्छौ ?"

उनले उहाँलाई भने : "हजुर प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई माया गर्छु ।" उहाँले उनलाई भन्नुभयो :
"मेरा भेड़ाहरुलाई हेरचाह गर ।" [१७] उहाँले उनलाई तेस्रोपल्ट भन्नुभयो : "हे शिमोन, योनाका छोरा, के
तिमी मलाई प्रेम गर्छौ ?" भनी भन्नुभएकोले पत्रुस दु:खित भए । अनि उनले उहाँलाई भने : "प्रभु, तपाईं
सबै कुरा जान्नुहुन्छ; म तपाईंलाई माया गर्छु भनी तपाईं जान्नुहुन्छ । येशूले उनलाई भन्नुभयो : "मेरा
भेड़ाहरुलाई चराऊ । [१८] साँचो साँचो म तिमीलाई भन्दछु, जब तिमी जवान थियौ, तब तिमी आफैले
कम्मर कस्थ्यौ, अनि जहाँ जान चाहन्थ्यौ, त्यहीं घुम्थ्यौ, तर जब तिमी बूढ़ा हुनेछौ, तब तिमीले आफ्ना
हात पसार्नेछौ, अनि अर्कोले तिम्रो कम्मर कस्नेछ, र जहाँ तिमी चाहँदैनौ, त्यहाँ तिमीलाई लैजानेछ ।" [१९]
तर स्तो प्रकारको मृत्युद्वारा उनले परमेश्वरको महिमा गर्नेछन्, त्यसलाई सङ्केत गर्दै उहाँले यो भन्नुभयो ।
अनि यसो भनेपछि उहाँले उनलाई भन्नुभयो : "मेरो पछि लाग ।"

# दोस्रो भाग (पाठ ५ – ७)

## पाठ ५

### क – दुईजना महासभाका सदस्य

### १. अरिमथियाको यूसुफ लूका २३ : ५० –५१, यूहन्ना १९:३८, मर्कूश १५ : ४३ र ४६

[५०] अनि हेर यूसुफ नाम भएका एकजना सल्लाहकार[क] थिए; तिनी असल र धर्मी मानिस थिए । [५१] -तिनले
तिनीहरूका सल्लाह र काममा सहमति दिएका थिएनन् ।) तिनीचाहिँ यहूदीहरूको शहर, हरिमथियाका थिए;
तिनी आफैले पनि परमेश्वरको राज्यको बाटो हेर्थे ।

०००

यूहन्ना १९:३८
[३८] अनि त्यसपछि अरिमथियाका यूसुफले, येशूका चेला भएका हुनाले, तर यहूदीहरूको डरले गर्दा गुप्त
थिए, येशूको शरीर लैजान पाऊँ भनी पिलातसलाई बिन्ती गरे; अनि पिलातसले अनुमति दिए । यसकारण
तिनले आएर येशूको शरीर लथे ।

०००

मर्कूश १५ : ४३ र ४६
[४३] अरिमथियाका यूसुफ, एक माननीय सल्लाहकार[क] आए, जो आफै पनि परमेश्वरको राज्यको बाटो हेर्थे,
अनि साहससित पिलातसकहाँ गए, र येशूको शरीर मागे ।

[४६] अनि उनले सुती कपडा किने, र उहाँलाई तल झारेर उहाँलाई त्यस सुती कपडामा लपेटे, र उहाँलाई
चट्टानमा खोपेर बनाइएको एउटा चिहानमा राखे, अनि चिहानको ढोकामा एउटा ढुङ्गा गुडाएर राखे ।

### २. निकोदेमस यूहन्ना ३ : २–३, ३ : ७, ३ : १४– १५, ७ : ५० – ५१, १९ : ३९

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

## पद–सन्दर्भ पुस्तिका

[२] उनी राती येशूकहाँ आए, र उहाँलाई भने : “रब्बी तपाईं परमेश्वरबाट आउनुभएको गुरू हुनुहुन्छ भनी हामीलाई थाहा छ; किनकि परमेश्वर साथमा रहनुभएन भने कसैले पनि यी चिन्हहरू गर्न सक्दैन, जो तपाईं गर्नुहुन्छ ।” [३] येशूले जवाफ दिएर उनलाई भन्नुभयो : “साँचो-साँचो म तिमीलाई भन्दछु, कोही मानिस नयाँ गरी[ख] जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन ।”

[७] तिमीहरू नयाँ गरी[ख] जन्मनैपर्छ भनी मैले तिमीलाई भनेकोमा तिमी अचम्म नमान ।

[१४] अनि जसरी मोशाले उजाड स्थानमा साँपलाई उचाले, त्यसरी नै मानिसका पुत्र पनि उचालिनुपर्छ; [१५] यसैले कि उहाँमाथि विश्वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस् ।

[५०] निकोदेमसले (जो राती येशूकहाँ आएका थिए, जो तिनीहरूमध्ये एक थिए) तिनीहरूलाई भने :
[५१] “के हाम्रो व्यवस्थाले कुनै मानिसलाई, उसको कुरा पहिले नसुनीकन र उसले के गर्दछ, सो नजानीकन न्याय गर्छ र ?”

[३९] यसकारण त्यो दिन तयारीको दिन भएको हुनाले विश्रामदिनमा, (किनकि त्यो विश्रामदिन ठूलो दिन थियो), ती शरीरहरू क्रूसमा नरहून् भनेर यहूदीहरूले पिलातसलाई तिनीहरूका खुट्टा भाँचिऊन् र तिनीहरूलाई लगिऊन् भनी विन्ती चढाए ।

### ख – एकजा अपराधी    लूका २३ : ३२ – ४३

[३२] अनि दुई कुकर्मीहरू पनि मारिनलाई उहाँसँगै लगिए । [३३] अनि जब तिनीहरू खोपडी[क] भनिने
ठाउँमा आइपुगे, तब तिनीहरूले उहाँलाई र ती कुकर्मीहरूलाई क्रूसमा टाँगे - एउटालाई दाहिपट्टि, र
अर्कोलाई देब्रेपट्टि । [३४] तब येशूले भन्नुभयो : “हे पिता, तिनीहरूलाई क्षमा गर्नुहोस्; किनकि तिनीहरूले के
गरिरहेका छन्, सो जान्दैनन् ।” अनि तिनीहरूले उहाँको वस्त्रलाई भाग - भाग गरे, र गोला हाले । [३५]
अनि मानिसहरू हेर्दै उभिए । अनि तिनीहरूसित शासकहरूले पनि यसो भन्दै उहाँलाई गिल्ला गरे :
“त्यसले अरूलाई बचायो; लौ, त्यसले आफैलाई बचाओस्, यदि त्यो खीष्ट अर्थात् परमेश्वरको चुनिएको
जन हो भने !” [३६] अनि सिपाहीहरूले पनि उहाँका आउँदै, उहाँलाई सिर्का दिँदै र यसो भन्दै उहाँलाई खिसी
गरे : [३७] “तँ यहूदीहरूका राजा होस् भने आफैलाई बचा ।” [३८] अनि उहाँको मास्तिर ग्रीक, ल्याटिन र हीब्रू
अक्षरमा एउटा दोषपत्र पनि लेखिएको थियो : “यिनी यहूदीहरूका राजा हुन् ।” [३९] अनि झुन्डचाइएका
कुकर्मीहरूमध्ये एउटाले यसो भन्दै उहाँलाई निन्दा गर्‍यो : “तिमी खीष्ट हौ भने आफैलाई र हामीलाई
बचाऊ ।” [४०] तर अर्कोले जवाफ दिँदै यसो भनेर त्यसलाई हपार्‍यो : “के तँ परमेश्वरको डर मान्दैनस्,
जब कि तँ पनि त्यही दण्डमा परिरहेछस् ? [४१] हामीले ता साँच्चै न्यायअनुसार नै; किनकि हामीले आफ्ना
कामहरूको उचित फल पाइरहेछौं, तर यी मानिसले कुनै अनुचित काम गरेका छैनन् ।” [४२] अनि येशूलाई
उसले भन्यो : “हे प्रभु, जब तपाईं आफ्नो राज्यमा आउनुहुन्छ, तब मलाई सम्झिदिनुहोस् ।” [४३] अनि
येशूले उसलाई भन्नुभयो ? “म तिमीलाई साँच्चै भन्दछु, आज नै तिमी मसँग स्वर्गलोकमा हुनेछौ ।”

### ग – एकजना मृत्यु – दण्ड दिने व्यक्ति    मर्कूश १५ : १६ – २४, ३३ – ३९

[१६] अनि सिपाहीहरूले उहाँलाई प्राईटोरियन[क] _भनिने महलभित्र लगे, अनि तिनीहरूले सारा पल्टन
भेला गरे । [१७] अनि तिनीहरूले उहाँलाई बैजनी वस्त्र पहिचाइदिए; र काँडाको मर्कट गाँथेर उहाँको
शिरमाथि लगाइदिए; [१८] र उहाँलाई “सलाम ! यहूदीहरूका राजा !” भन्दै नमस्कार गर्न लागे । [१९] अनि

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

## पद–सन्दर्भ पुस्तिका

तिनीहरूले निगालोले उहाँको शिरमा हिर्काए र उहाँलाई थुके, र घुँड़ा टेकेर उहाँलाई दण्डवत् गरे । [२०]
अनि उहाँलाई गिल्ला गरिसकेपछि तिनीहश्रले उहाँबाट बैजनी वस्त्र फुकालिदिए, र उहाँकै वस्त्रहरू
उहाँलाई पहिचाइदिए, अनि उहाँलाई क्रूसमा टाँग्नका निम्ति बाहिर लगे । [२१] अनि गाउँबाट आएर
त्यहाबाट जाँदै गरेका, अलेकजान्डर र रूफसका बाबु, शिमोन कुरेनीलाई तिनीहरूले उहाँको क्रूस बोक्न
कर लगाए । [२२] अनि तिनीहरूले उहाँलाई गलगथा भनिने ठाउँमा ल्याए, जसको अर्थ हो ‘खोपड़ीको ठाउँ’ ।
[२३] अनि तिनीहरूले उहाँलाई गन्धरस मिलाएको दाखमद्य पिउन दिए; तर उहाँले त्यो लिनुभएन । [२४] अनि
उहाँलाई क्रूसमा टाँगेपछि तिनीहरूले, कसले कुन लैजानुपर्ने हो भनी उहाँका लुगाहरूका लागि गोला हालेर
ती बाँड़े ।

मर्कूश १५ : ३३ – ३९

[३३] अनि बाह्र बजेपछि सारा देशभरि नै तीन बजेसम्म[घ] अन्धकार भयो । [३४] अनि तीन बजे[ङ] येशू
ठूलो सोर ले यसो भन्दै कराउनुभयो : “एलोई, एलोई लामा सबकथनी ?” जसको अर्थ हुन्छ : ‘हे मेरा
परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभयो ?’ [३५] अनि नजीकै उभिनेहरूमध्ये कतिले यो
सुनेर भने : “हेर, उसले एलियालाई बोलाउँदैछ ।” [३६] अनि एकजनाले दगुरेर एउटा स्पन्जमा सिर्का भऱ्यो,
र त्यसलाई एउटा निगालोमा राखेर यसो भन्दै उहाँलाई पिउन दिइयो : “हुन देओ; हेरौं न, कहीं एलिया
यसलाई ओराल्न आउँछन् कि !” [३७] अनि येशूले ठूलो सोरले कराएर प्राण त्याग्नुभयो । [३८] अनि मन्दिरको
पर्दा टुप्पादेखि फेदसम्मै दुई भाग भई च्यातियो । [३९] अनि तब उहाँकै सामुने उभिरहेका सुवेदारले, उहाँले
यसरी कराएर प्राण त्याग्नुभएको देखेर भने : “साँच्ची नै यी मानिस परमेश्वरकै पुत्र रहेछन् ।”

# पाठ ६

## क – पिता परमेश्वरले प्रतिज्ञा गर्नुभएको पवित्र आत्मा प्रेरित १ : १ – १४

[१] हे थियोफिलस, येशूले जे गर्न र सिकाउन थाल्नुभयो, ती सबै कुराहरूको विषयमा पहिलो बयान मैले
गरेको छु - [२] उहाँले चुन्नुभएका ती प्रेरितहरूलाई पवित्र आत्माद्वारा आज्ञा दिनुभएपछि उहाँमाथि उठाइनु
भएको दिनसम्मका कुराहरू । [३] उहाँले दुःख भोगिसक्नुभएपछि चालीस दिनसम्म तिनीहरूद्वारा देखिनुहुँदै र
परमेश्वरको राज्यको विषयमा कुराहरू बताउनुहुँदै अनेकौं अचूक प्रमाणहरूद्वारा उहाँले आफूलाई
तिनीहरूकहाँ जीवित देखाउनुभयो । [४] अनि तिनीहरूसँग भेला भएर उहाँले तिनीहरूलाई आज्ञा गर्नुभयो :
“यरूशलेम छोडेर नजानू, तर पिताको प्रतिज्ञालाई पर्खनू, जसको विषयमा तिमीहरूले मबाट सुनेका छौ; [५]
किनभने यूहन्नाले साँच्चे पानीमा बप्तिस्मा दिए; तर अब केही दिनपछि तिमीहरू पवित्र आत्माले बप्तिस्मा
गरिनेछौ ।” [६] यसकारण जब तिनीहरू भेला भए, तब तिनीहरूले उहाँलाई यसो भन्दै सोधे : “हे प्रभु, के
तपाईंले यही समयमा इस्राएललाई राज्य फिर्ता गराइदिनुहुन्छ ?” [७] अनि उहाँले तिनीहरूलाई भन्नुभयो :
“पिताले आफ्नै अधिकारमा राख्नुभएका समयहरू वा घड़ीहरूको विषयमा जान्ने काम तिमीहरूको होइन ।
[८] तर पवित्र आत्मा तिमीहरूमाथि आउनुभएपछि तिमीहरूले सामर्थ्य पाउनेछौ; र यरूशलेममा, सारा
यहूदिया र सामरियामा, असन पृथ्वीको छेउसम्म तिमीहरू मेरा निम्ति साक्षी हुनेछौ ।” [९] अनि उहाँले यी
कुराहरू भनीसक्नुभएपछि तिनीहरूले हेर्दा-हेर्दै उहाँ माथि उठाइनु भयो; र बादलले उहाँलाई तिनीहरूको
दृष्टिबाट ढाकिदियो । [१०] अनि उहाँ माथि जाँदै गर्नुहुँदा तिनीहरू आकाशतिर एक डिठ लगाएर हेरिरहेका
थिए, तब हेर, दुईजना सेतो वस्त्र लगाएका मानिसहरू तिनीहरूको बगलमा खड़ा भए; [११] अनि उनीहरूले
भने : “हे गालिलका मानिसहरू हो, तिमीहरू किन आकाशतिर हेर्दै उभिदछौ ? तिमीहरूको बीचबाट

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

## पद–सन्दर्भ पुस्तिका

स्वर्गमा उठाइनु हुने यही येशू नै यही प्रकारले आउनुहुनेछ, जसरी उहाँलाई स्वर्गतिर जाँदै गर्नुभएको
तिमीहरूले देख्यौ ।” १२ तब तिनीहरू जैतुन - डाँडा भनिने पहाडबाट यरूशलेम फर्के, जुन पहाड
यरूशलेमको नजीकै, एक विश्राम - दिनको बाटोमा[क] थियो । १३ अनि जब तिनीहरू भित्र आए, तब
तिनीहरू माथिल्लो कोठामा गए, जहाँ पत्रुस, याकूब, यूहन्ना, अन्द्रियास, फिलिप, थोमा, बार्थोलोमाई, मत्ती,
अल्फयासका छोरा याकूब, जेलोतेस[ख] भनिने शिमोन र याकूबका भाइ यहूदा बस्थे । १४ यी सबै एकै मनका
भएर स्त्रीहरू, येशूकी आमा मरियम र उहाँका भाइहरूसित प्रार्थना र विन्ती चढाउनमा निरन्तर लागिरहे ।

### ख – पेन्टेकोष्टको दिन   प्रेरित २ : १ – २१

१ अनि पेन्टेकोष्टको[ग] दिन पूरा हुँदै गर्दा तिनीहरू सबै एकै मनका भई एकै ठाउँमा थिए । २ अनि
एक्कासि स्वर्गबाट भारी आँधी चलेझैं हुरूरूरू आवाज आयो, र तिनीहरू बसेको सारा घरलाई भरिदियो ।
३ अनि आगाका जस्ता चिरा परेका जिब्राहरू तिनीहरूकहाँ देखा परे, र त्यो तिनीहरूमध्ये हरेकमाथि
बस्यो । ४ अनि तिनीहरू सबै पवित्र आत्माले भरिए, र आत्माले तिनीहरूलाई बोली दिनुभएअनुसार
तिनीहरू अरू भाषामा बोल्न लागे ।

५ अनि आकाशमुनिको हरेक जातिबाट आएका भक्त यहूदी मानिसहरू यरूशलेममा वास गरिरहेका
थिए । ६ तर जब त्यो आवाज भयो, तब एउटा भीड़ भेला भयो, र ती छक्कै परे; किनकि हरेक मानिसले
उसको आफ्नै भाषामा तिनीहरूलाई बोलिरहेको सुन्यो । ७ अनि तिनीहरू सबै छक्क परेर आपसमा यसो
भन्दै अचम्म माने : “हेर, के यी बोल्नेहरू सबै गालीली होइनन् र ? ८ अनि कसरी हामीमध्ये हरेकले
हामी जसन भाषामा जन्म्यौं, त्यसैमा बोलेको सुन्दैछौ ता ? ९ पार्थी, मेदी र एलामीहरू, अनि
मेसोपाटासिया, यहूदिया, कप्पाडासिया, पोन्टस, यशिया १० फ्रिगिया, पाम्फिलिया, मिस्र र कुरेनीका वपिरि
भएका लिबियाका भागहरूमा बस्नेहरू, अनि रोमका परदेशीहरू, यहूदीहरू र यहूदी-धर्म अपनाउनेहरू, ११
क्रेती र अरबीहरू - हामी तिनीहरूलाई हाम्रा आ- हामी तिनीहरूलाई हाम्रा आफ्नै भाषाहरूमा परमेश्वरका
महान् कामहरूको विषयमा बोलिरहेका सुन्दछौं ।” १२ अनि तिनीहरू सबै छक्कै परे, र आपसमा, ‘यसको
मतलब के हो ?’ भन्दै अलमल्ल परे । १३ अरूलेचाहिँ खिसी गर्दै भने : “यी मानिसहरू नयाँ मद्यले लट्ठ
भएका छन् ।”

१४ तर पत्रुसले ती एघारजनासँग उभिएर ठूलो सोरले तिनीहरूलाई भने : “हे यहूदी मानिसहरू र
यरूशलेममा बस्नेहरू हो, यो कुरा तपाईंहरूलाई थाहा होस्, र मेरा कुराहरूमा ध्यान दिनुहोस् - १५ किनकि
तपाईंहरूले सोच्नुभएझैं यिनीहरू मातेका होइनन्, किनकि दिन ता एक पहर[क] मात्र चढेको छ । १६ तर यो
योएल भविष्यवक्ताद्वारा भनिएको कुरा हो : १७ ‘परमेश्वर भन्नुहुन्छ : “अन्तिम दिनहरूमा यस्तो हुनेछ -
सबै प्राणीहरूमाथि म मेरो आत्माबाट खन्याउँनेछु; अनि तिमीहरूका छोराहरू र तिमीहरूका छोरीहरूले
भविष्यवाणी गर्नेछन्; अनि तिमीहरूका जवानहरूले दर्शन देख्नेछन्, र तिमीहरूका बूढ़ापाकाहरूले
सपनाहरू देख्नेछन् । १८ अनि ती दिनहरूमा म मेरा दासहरू र मेरा दासीहरूमाथि आफ्नो आत्माबाट
खन्याउँनेछु; र तिनीहरूले भविष्यवाणी गर्नेछन्; १९ अनि माथि आकाशमा अचम्मका कमहरू र तल पृथ्वीमा
चिन्हहरू म देखाउनेछु - रगत, आगो र धुँवाको वाफ । २० प्रभुको महान् नामी दिन आउनुभन्दा अघि
परिवर्तित हुनेछन्; २१ अनि यस्तो हुनेछ - प्रभुको नाम पुकार्ने हरेकले मुक्ति पाउनेछ ।”

### ग – पेन्टेकोष्टको दिनमा पत्रुसको उपदेश   प्रेरित २ : २२ – ४२

२२ हे इस्राएली मानिसहरु हो, यी कुराहरु सुन्नुहोस् : नासरतका येशू पररमेश्वरबाट सामर्थ्यका कामहरु,
अचम्मका कामहरु र चिन्हहरुद्वारा तपाईंहरुका निम्ति प्रमाणित गरिनुभएको मानिस हुनुहुन्छ; ती कामहरु
परमेश्वरले उहाँद्वारा तपाईंहरुकै बीचमा गर्नुभयो, जसरी तपाईंहरु आफै पनि जान्नुहुन्छ; २३ उहाँलाई नै,

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

## पद–सन्दर्भ पुस्तिका

जो परमेश्वरको ठहराइएको  योजना र पूर्वज्ञानअनुसार सुम्पिनुभएको थियो, तपाईंहरुले लानुभयो, अधर्मी
हातहरुद्वारा क्रूसमा टाँग्नुभयो र मार्नु भयो; २४ उहाँलाई परमेश्वरले मृत्युका पीड़ाहरुबाट छुटाइकन बौराएर
उठाउनु भयो; किनकि त्यसको पक्राइमा उहाँ रहनुचाहिँ असम्भव थियो । २५ किनकि दाऊदले उहाँको
विषमा भन्दछन् : 'मैले प्रभुलाई सधैं मेरो सामु देखें, किनकि म नडगमगाऊँ भनेर उहाँ मेरो दाहिने
हाततर्फ रहनुहुन्छ; २६ यसकारण मेरो हृदय रमायो, र मेरो जिब्रो अति आनन्दित भयो; साथै मेरो शरीर
पनि आशामा बस्नेछ; २७ किनभने तपाईंले मेरो प्राणलाई अधोलोकमा छोड्नुहुनेछैन, न ता तपाईंले आफ्ना
पवित्र जनलाई सड्न नै दिनुहुनेछ । २८ तपाईंले मलाई जविनका मार्गहरु जान्न दिनुभएको छ । तपाईंले
मलाई आफ्नो उपसिथितिद्वारा आनन्दले भर्नुहुनेछ ।'[ग] २९ हे मानिसहरु र भाइहरु हो, कूलपति दाऊदको
विषयमा म तपाईंहरुलाई स्वतन्त्रतापूर्वक भन्न सक्छु - उनी मरे, र गाड़िए पनि, अनि उनको चिहान
आजको दिनसम्म पनि हाम्रो बीचमा छ । ३० यसकारण उनी भविष्यवक्ता भएका हुनाले, अनि उनको
सिहासनमाथि बसाउनलाई शरीरअनुसार उनकै शरीरको फलबाटकोलाई अर्थात् खीष्टलाई उठाउनेछु भनी
परमेश्वरले उनीसित कसम खाएर प्रतिज्ञा गर्नुभएको छ भनी जानेका हुनाल, ३१ अनि उनले यो कुरा
पहिल्यै देखेका हुनाले खीष्टको बौरीउठाइको सम्बन्धमा, 'उहाँको प्राण अधोलोकमा छोड़िएन न ता उहाँको
शरीर नै सड्यो' भनी भने । ३२ यही येशूलाई परमेशवरले बौराएर उठाउनुभयो, जुन कुराका साक्षी हामी
सबै हौं । ३३ यसकारण परमेश्वरको दाहिने हातद्वारा उच्च पारिएर र पिताबाट पवित्र आत्माको प्रतिज्ञालाई
प्राप्त गरेर उहाँले त्यो खन्याउनुभयो, जुन कुरा तपाईंहरुले अहिले देख्दै र सुन्दै हुनुहुन्छ । ३४ किनकि दाऊद
स्वर्गहरुमा उक्लेनन्, तर उनी आफै भन्दछन् : 'प्रभुले मेरा प्रभुलाई भन्नुभयो, ३५ "जबसम्म म तिम्रा
शत्रुहरुलाई तिम्रो पाउदान बनाउँदिनँ, तबसम्म तिमी मेरो दाहिने हातपट्टि बस ।"'[क] ३६ यसकारण
इस्राएलको सारा घरानाले यो निश्चय गरी जानोस्, कि जुन येशूलाई तपाईंहरुले क्रूसमा टाँग्नुभयो,
उहाँलाई नै परमेश्वरले 'प्रभु' र 'खीष्ट'[ख] तुल्याउनुभएको छ ।" ३७ अनि जब तिनीहरुले यो सुने, तब
तिनीहरुको मुटु छेंड़ियो, र पत्रुस र अरु बाँकी प्रेरितहरुलाई भने : "हे मानिसहरु र भाइहरु हो, हामी के
गरौं ?" ३८ तब पत्रुसले तिनीहरुलाई भने : "पापहरुका क्षमाका निम्ति पश्चात्ताप गर्नुहोस् र तपाईंहरु
हरेकले येशू खीष्टको नाममा बप्तिस्मा लिनुहोस्; अनि तपाईंहरुले पवित्र आत्माको दान पाउनुहुनेछ । ३९
किनकि प्रतिज्ञा तपाईंहरुका निम्ति र तपाईंहरुका सन्तानका निम्ति र ती सबै टाढ़ामा हुनेहरुका निम्ति हो
- जतिलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुनेछ ।" ४० अनि अरु धेरै कुराहरु गरेर, "यस टेढ़ो पुस्ताबाट
आफूलाई बचाउनुहोस्" भन्दै उनले तिनहिरुलाई गवाही दिए र सम्झाए । ४१ तब जतिले आनन्दसित
उनको वचन ग्रहण गरे, उनीहरुले बप्तिस्मा लिए; अनि त्यही दिनमा प्रायः तीन हजार मानिसहरु[ग]
तिनीहरुमा थपिए । ४२ अनि तिनीहरु प्रेरितहरुका शिक्षामा, सङ्गतिमा, रोटी-भँचाइमा र प्रार्थनाहरुमा
दृढ़तापूर्वक लागिरहे ।

# पाठ ७

## क – सामरी शिमोन प्रेरित ८ : ४ – २५

४ यसकारण थी चारैतिर छरिएकाहरु सुसमाचारको वचन प्रचार गर्दै जहाँतहीँ गए । ५ तब फिलिप
तल सामरियाको शहरमा गए, र तिनीहरुलाई 'खीष्ट' प्रचार गरे । ६ अनि जब मानिसहरुले फिलिपले गरेका
चिन्हहरुलाई सुने र देखे, तब भीड़हरुले एकैमनाका भएर उनले भनेका कुराहरुमा ध्यान दिए । ७ धेरै
मानिसहरुबाट ती आत्माहरु ठूलो सोरले चिच्च्याउँदै निस्के; अनि धेरै पक्षघात भएकाहरु र लङ्गडाहरु निको
पारिए । ८ अनि त्यस शहरमा ठूलो आनन्द भयो । ९ तर शिमोन नाम भएको कुनै एउटा मानिस थियो,
जसले त्यही शहरमा जादु गर्थ्यो, र 'म एउटा महान् पुरुष हुँ' भन्ने दावी गर्दै सामरियामा मानिसहरुलाई

दङ पार्थ्यो । १० त्यसैलाई ती सबैले - सानोदेखि ठूलासम्मैले-'यी मानिस परमेश्वरका महान् शक्ति हुन्'
भन्दै मानिरहेका थिए । ११ अनि तिनीहरुले त्यसलाई मान्थे, किनकि धेरै समयदेखि त्यसले आफ्ना
जादुहरुद्वारा तिनीहरुलाई दङ पारिराखेको थियो । १२ तर जब तिनीहरुले परमेश्नरको राज्य र येशू खीष्टको
नामको विषयमा फिलिपले प्रचार गरेका कुराहरुलाई विश्वास गरे, तब तिनीहरु दुवै पुरुष र स्त्रीहरुले
बप्तिस्मा लिए । १३ तब शिमोन आफैले पनि विश्वास गर्‍यो; अनि बप्तिस्मा लिएपछि त्यो निरन्तर
फिलिपको साथमा रह्यो; अनि चिन्हहरु र सामर्थ्यका ठूला-ठूला कामहरु गरिएका देखेर त्यसले ताजुप
मान्थ्यो ।

१४ तब सामरियाले परमेश्वरको वचन ग्रहण गर्‍यो भन्ने कुरा जब यरुशलेममा रहेका चेलाहरुले
सुने, तब उनीहरुले तिनीहरुकहाँ पत्रुस र यूहन्नालाई पठाए । १५ उनीहरुले तल आएपछि, तिनीहरुले पवित्र
आत्मा पाऊन् भनी तिनीहरुका निम्ति प्रार्थना गरिदिए । १६ किनभने तिनीहरुमध्ये कुनैमाथि पनि उहाँ
अहिलेसम्म ओर्लनुभएको थिएन; खाली तिनीहरुले प्रभु येशूको नाममा बप्तिस्मा लिएका थिए । १७ तब
उनीहरुले तिनीहरुमाथि आफ्ना हातहरु राखे र तिनीहरुले पवित्र आत्मा पाए । १८ अनि जब शिमोनले
प्रेरितहरुले हात राखिएकोले पवित्र आत्मा दिनुभएको देख्यो, तब त्यसले उनीहरुलाई यसो भन्दै पैसा
टक्र्यायो : १९ "मलाई पनि यो अधिकार दिनुहोस्, र जसमाथि म हात राखूँला, उसले पवित्र आत्मा
पाओस् ।" २० तर पत्रुसले त्यसलाई भने : "तिम्रो पैसा तिमीसँगै नाश होस्, किनकि परमेश्वरको दान
पैसाद्वारा किनिन सक्छ भनी तिमीले सोचेका छौ । २१ यस कुरामा तिम्रो न कुनै भाग छ, न हिस्सा; किनकि
तिम्रो हृदय परमेश्वरमा सीधा छैन । २२ यसकारण तिम्रो यस दुष्टताबाट पश्चात्ताप गर, र परमेश्वरलाई
प्रार्थना गर, कहीं तिम्रो हृदयको विचार तिमीलाई क्षमा हुन्छ कि ?" २३ किनभने म देख्दछु, तिम्रो तीतो
पित्तले भरिएका र अधर्मले बाँधिएका छौ ।" २४ तब शिमोनले जवाफ दिँदै भन्यो : "तपाईंहरुले मेरा निम्ति
प्रभुसँग प्रार्थना गरिदिनुहोस्, र तपाईंहरुले भन्नुभएका कुराहरुमध्ये कुनै पनि ममाथि आइनपरोस् ।" २५
अनि गवाही दिएपछि र प्रभुको वचन प्रचार गरेपछि उनीहरु यरुशलेम फर्के, अनि सामरीहरुका अनेकौं
गाउँहरुमा सुसमाचार प्रचार गरे ।

## ख – एक हब्शी अर्थात् खजान्ची नपुंसक प्रेरित ८ : २६ – ४०

२६ अनि प्रभुका दूत फिलिपसँग यसो भन्नुभयो : "उठ, र दक्षिणतिर यरुशलेमबाट गाजातर्फ जाने
बाटोमा जाऊ, जो सुनसान छ ।" २७ अनि उनी उठेर गए; अनि हेर, एकजना एथियोपियाका मानिस -
एथियोपियाकी रानी, कन्दाकेका ठूलो अख्तियारवाला नपुंसक - जोचाहिँ उनका सारा सम्पत्तिका अधिकारी
थिए, तिनी यरुशलेममा उपासन ागर्न आएका थिए, २८ र फर्किरहेका थिए, र आफ्नो रथमा बसेर यशैया
भविष्यवक्ताको पुस्तक पढ़िरहेका थिए । २९ तब आत्माले फिलिपलाई भन्नुभयो : "नजिकमा जाऊ, र
त्यस रथको साथ लाग ।" ३० अनि फिलिप तिनीकहाँ दगुरे, र तिनलाई यशैया भविष्यवक्ताको पुस्तक
पढ़ेका सुनेर भने : "तपाईंले जे पढ्दै हुनुहुन्छ, के त्यो बुझ्नुहुन्छ ?" ३१ अनि तिनले भने : "कसैले मलाई
नडोर्‍याएसम्म म कसरी बुझ्न सक्छु र ?" अनि तिनले फिलिपलाई माथि उक्लेर तिनीसँग बस्न विन्ती
गरे । ३२ अनि तिनले पढ़िरहेका पवित्रशास्त्रको खण्डचाहिँ यो थियो :

'भेड़ाझैं उहाँ मारिनलाई लगिनुभयो; अनि जसरी थुमा आफ्नो ऊन कत्रनेका सामु चुपचाप रहन्छ,
त्यसरी नै उहाँले आफ्नो मुख खोल्नुभएन । ३३ उहाँको हीनतामा उहाँको न्याय खोसियो; अ उहाँको
पुस्ताको बयान कसले गर्ला ? किनभने उहाँको जीवन पृथ्वीबाट उठाइएको छ ।'[क]

३४ अनि नपुंसकले फिलिपलाई जवाफ दिँदै भने : "म तपाईंलाई विन्ती गर्दछु, भविष्यवक्ताले यो
कसको विषमा भन्दैछन् ? आफ्नो विषयमा कि अरु कसैको विषयमा ?" ३५ तब फिलिपले आफ्नो मुख
खोले, र पवित्रशास्त्रको त्यो खण्डबाट शुरु गरेर तिनलाई 'येशू' प्रचार गरे । ३६ अनि बाटोमा जाँदै गर्दा

उनीहरु कुनै पानीनेर आइपुगे; अनि नपुंसकले भने : “हेर्नुहोस्, यहाँ पानी रहेछ, मलाई बप्तिष्मा लिन के
ले रोक्छ र ?” [३७] अनि फिलिपले भने : “तपाईंले सम्पूर्ण हृदयले विश्वास गर्नुहुन्छ भने तपाईंले लिन
सक्नुहुन्छ।” अनि तिनले जवाफ दिँदै भने : “म विश्वास गर्दछु, येशू खीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ।” [३८]
अनि तिनले रथ रोक्ने आज्ञा दिए; अनि उनीहरु दुवै पानीभित्र पसे - दुवै फिलिप र नपुंसक; अनि उनले
तिनलाई बप्तिस्मा दिए। [३९] अनि जब उनीहरु पानीबाट बाहिर निस्के, तब प्रभुको आत्माले फिलिपलाई
उठाएर लैजानुभयो, र नपुंसकले उनलाई फेरि देखेनन्; अनि तिनी रमाउँदै - रमाउँदै आफ्नो बाटो लागे।
[४०] तर फिलिप अजोतुसमा भेट्टाइए; अनि त्यहाँबाट जाँदै गर्दा सिजरिया नआइपुगुन्जेल सबै शहरहरुमा
तिनले सुसमाचार प्रचार गरे।

# तेस्रो भाग (पाठ ८ – १०)

## पाठ ८

कप्तान कर्नेलियस        प्रेरित १० : १ – ४८

[१] तब सिजरियामा कर्नेलियस नाम भएको एकना मानिस थिए, जो इटाली भनिने पल्टनका सुवेदार
थिए, [२] जो भक्ति गर्ने र आफ्नो सारा घरानासँग परमेश्वरको डर मान्ने मानिस थिए; तिनले
मानिसहरूलाई धेरै दान दिन्थे, र परमेश्वरलाई सधैं प्रार्थना गर्थे। [३] दिनको तीन बजेतिर[क] तिनले दर्शनमा
परमेश्वरका दूतलाई आफूकहाँ आइरहेका र आफूलाई ‘हे कर्नेलियस’ भनी बोलाइरहेका सफसित देखे। [४]
अनि जब तिनले उनलाई डिठ लाएर हेरे, तब तिनी डराए र भने : “यो के हो, प्रभु ?” अनि उनलाई
तिनले भने : “तिम्रा प्रार्थनाहरू र तिम्रा दानहरू सम्झनाका निम्ति परमेश्वरका सामु माथि आइपुगेका छन्
। [५] अनि जोप्पामा मानिसहरू पठाऊ, र पत्रुस उपनाम भएको शिमोनलाई बोलाऊ। [६] तिनीचाहिँ छाला
बनाउने कुनै एउटा शिमोनकहाँ पाहुना छन्, जसको घर समुद्रकै किनारमा छ; तिमीले जे गर्नुपर्छ, सो
तिनले तिमीलाई बताउनेछन्।” [७] अनि जब तिनीसँग बोल्ने स्वर्गदूत विदा भए, तब कर्नेलियसले आफ्ना
घरका नोकरहरूमध्ये दुईजनालाई र तिनको सेवामा नित्य लागिरहनेमध्ये एउटा भक्त सिपाहीलाई बोलाए;
[८] अनि तिनीहरूलाई यी सबै कुराहरू बताएपछि तिनले तिनीहरूलाई जोप्पामा पठाए।

[९] भोलिपल्ट, निनीहरू यात्रा गर्दै र शहरको नजिकै पुग्दा, प्रायः बाह्र बजेतिर[ख] पत्रुस प्रार्थन ागर्न
कौसीमा उक्ले। [१०] अनि उनी साह्रै भोकाए, र खाने इच्छा गरे; तर तिनीहरूले तयारी गर्दै गर्दा उनी अचेत
भए, [११] अनि उनले आकाश उघारिएको, र चारै कुना बाँधिएको एउटा ठूला चदरजस्तो पात्रलाई आफूतिर
झर्दै गरेको र पृथ्वीमाथि ओरालिएको देखे; [१२] त्यसमा पृथ्वीका सबै प्रकारका चारखुट्टे जनावर, जङ्गली पशु,
घस्रिने जन्तु र सबै आकाशका चराहरू थिए। [१३] अनि उनीकहाँ एउटा आवाज आयने : “ऊठ पत्रुस, मार
र खाऊ।” [१४] तर पत्रुसले भने : “कुनै रीतिले हुँदैन, प्रभु; किनकि मैले कहिले पनि कुनै अपवित्र वा अशुद्ध
वस्तु खाएको छैनँ।” [१५] अनि फेरि दोस्रोपल्ट त्यो आवाज उनीकहाँ आयो : “परमेश्वरले जसलाई शुद्ध
पार्नुभएको छ, त्यसलाई तिमी अपवित्र नभन।” [१६] यो कुरा तीनपल्टसम्म भयो, अनि त्यो पात्र फेरि माथि

आकाशमा लगियो । [१७] अब आफूले देखेको दर्शनको अर्थ के हो भनी पत्रुस मनमा अलमल परिरहेकै
बेलामा हेर, कर्नेलियसबाट पठाइएका ती मानिसहरू शिमोनको घरमा सोधपुछ गरी ढोकाकै सामु उभिए,
[१८] र "पत्रुस उपनाम भएको शिमोन यही पाहुना भइ बसेका छन् कि ?" भनी बोलाए र सोधे । [१९] पत्रुसले
दर्शनको विषयमा सोचिरहेका बेलामा आत्माले उनलाई भन्नुभयो : "हेर, तीनजना मानिसहरूले तिमीलाई
खोजिरहेका छन् । [२०] यसकारण ऊठ, र तल ओर्ले, अनि केही शङ्का नगरीकन तिनीहरूसँग जाऊ; किनभने
मैले तिनीहरूलाई पठाएको हुँ ।" [२१] तर पत्रुस कर्नेलियसबाट उनीकहाँ पठाइएको मानिसहरूकहाँ ओर्लेर
गए, र भने : "हेर, जसलाई तिमीहरू खोजिरहेका छौ, त्यो म नै हुँ । के कारण छ, जसका निम्ति तिमीहरू
आएका छौ ।" [२२] अनि तिनीहरूले भने : "सुवेदार कर्नेलियस धर्मी, प्रभुको डर मान्ने र सारा यहूदी -
जातिको बीचमा सुनाम भएका मानिस हुनुहुन्छ; उहाँले, तपाईंलाई आफ्नो घरमा बोलाउनु र तपाईंबाट
वचनहरू सुन्नू भन्ने परमेश्वरबाटको चेतावनी एउटा पवित्र स्वर्गदूतद्वारा पाउनुभयो ।" [२३] तब उनले
तिनीहरूलाई भित्र बोलाए र तिनीहरूलाई सत्कार गरे । अनि भोलिपल्ट पत्रुस तिनीहरूसँग हिँडे, र
जोप्पाका कोही भाइहरू उनका साथमा लागे । [२४] अनि भोलिपल्ट उनीहरू सिजरियामा पसे । अनि
कर्नेलियसले आफ्ना साखासन्तान र इष्टमित्रहरूलाई भेला पारेर उनीहरूको बाटो हेरिरहका थिए । [२५] अनि
पत्रुस भित्र आउँदै गर्दा कर्नेलियसले उनीसित भेट गरे, र उनका पाउमा परेर उनलाई दण्डवत गरे । [२६]
तर पत्रुसले यसो भन्दै तिनीलाई उठाए : "उभिनुहोस्, म आफै पनि त मानिसै हुँ ।" [२७] अनि तिनीसित
बात गर्दै उनी भित्र पसे, र धेरैलाई भेला भएका भेट्टाए । [२८] अनि उनले तिनीहरूलाई भने : "एउटा यहूदी
मानिसका लागि एउटा अन्यजाति मानिससँग सङ्गति गर्नु वा उहाँकहाँ जानुचाहिँ कति अधर्म हो, सो ता
तपाईंहरू जान्नुहुन्छ; तर मैले कुनै पनि मानिसलाई अपवित्र वा अशुद्ध भन्नुहुँदैन भनी परमेश्वरले मलाई
देखाउनुभएको छ । [२९] यसैकारण बोलाइनासाथ केही विरोध नगरी म तपाईंकहाँ आइहालें । यसैकारण म
सोध्छु, कुन मनसायले तपाईंहरूले बोलाउनुभएको हो ?" [३०] अनि कर्नेलियसले भने : "चार दिन अघि यही
बेलासम्म मैले उपवास बसिरहेको थिएँ, अनि हेर्नुहोस् एकजना चम्किलो वस्त्र पहिरेका मानिस मेरो अगाडि
उभिए, [३१] र भने : 'कर्नेलियस, तिम्रो प्रार्थना सुनिएको छ, र परमेश्वरको सामु तिम्रा दानहरूको सम्झना
गरिएको छ । [३२] यसकारण जोप्पामा पठाऊ, र पत्रुस उपनाम भएको शिमोनलाई यहाँ बोलाऊ; उनीचाहिँ
समुद्रको किनारमा छाला बनाउने एकजना शिमोनको घरमा पाहुना भइ बसेका छन्; उनी आएपछि
तिमीसँग बात गर्नेछन् ।' [३३] यसकारण तुरुन्तै मैले तपाईंकहाँ पठाएँ; अनि तपाईंले आइकन असल
गर्नुभएको छ । यसकारण अब परमेश्वरद्वारा तपाईंलाई आज्ञा गर्नुभएका सबै कुराहरू सुन्नलाई हामी सबै
यहाँ परमेश्वरका सामुने उपसथित छौं ।" [३४] तब पत्रुसले मुख खोलेर भने : "साँच्चै मथाहा गर्दछु,
परमेश्वर कसैको पक्षपात गर्नुहुन्न । [३५] तर हरेक जातिमा जसले उहाँको डर मान्छ र धार्मिकताको काम
गर्छ, ऊ उहाँका लागि ग्रहणयोग्य हुन्छ । [३६] परमेश्वरले त्यो वचन येशू खीष्टद्वारा - उहाँ नै सबैका प्रभु
हुनुहुन्छ - शान्तिको[ख] प्रचार गर्दै इस्राएलका सन्तानकहाँ पठाउनुभयो; [३७] तपाईंहरूलाई थाहै छ, यूहन्नाले
प्रचार गरेको बप्तिस्मा पछि त्यो वचन गालिलबाट शुरू गरेर सारा यहूदियाभरि प्रचारियो; [३८] अर्थात्
नासरतका येशूलाई परमेश्वरले पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो; उहाँ भलाइ गर्दै र शैतानद्वारा
सताइएका सबैलाई निको पार्दै चारैतिर घुम्नुभयो, किनकि परमेश्वर उहाँसँग हुनुहुन्थ्यो । [३९] अनि
यहूदीहरूको मूलुक र यरूशलेममा उहाँले जे-जे गर्नुभयो, ती सबै कुराहरूका साक्षी हामी हौं; उहाँलाई

तिनीहरूले रूखमा झुन्डयाएर मारे । ४० उहाँलाई परमेश्वरले तेस्रो दिनमा बौराएर उठाउनुभयो, र
उहाँलाई खुल्लमखुल्ला प्रकट गर्नुभयो - ४१ सबै मानिसहरूकहाँ ता होइन, तर परमेश्वरद्वारा पहिल्यै
चुनिएका साक्षीहरूकहाँ अर्थात् हामीकहाँ; उहाँ मरेकाहरूबाट बौरेर उठ्नुभए पछि हामीले उहाँसँगै खायौं -
पियौं । ४२ अनि हामीलाई उहाँले, 'मानिसहरूलाई प्रचार गर, र जिउँदा र मरेकाहरूका न्यायकर्ता हुनालाई
यहाँ नै परमेश्वरद्वारा नियुक्त गरिनुभएको छ भनी गवाही देऊ' भनी आज्ञा गर्नुभयो । ४३ उहाँमाथि
विश्वास गर्ने हरेकले उहाँको नामद्वारा पापहरूको क्षमा पाउँनेछ भनी सबै भविष्यवक्ताहरूले उहाँकै
विषयमा गवाही दिन्छन् ।" ४४ पत्रुसले यी वचनहरू बोल्दा - बोल्दै पवित्र आत्मा वचन सुन्नेहरू सबैमाथि
ओर्लनुभयो । ४५ अनि अन्यजातिहरूमाथि पनि पवित्र आत्माको दान खन्याइयो भनेर पत्रुससँग आउने ती
सबै खतना भएका विश्वासीहरूले ताजुप माने; ४६ किनभने उनीहरूले तिनीहरूलाई अरू-अरू भाषाहरूमा
बोलिरहेका र परमेश्वरको प्रशंसा गरिरहेका सुने । तब पत्रुसले जवाफ दिए : ४७ "जसले हामीले झैं पवित्र
आत्मा पाएका छन्, यिनीहरूले बप्तिस्मा नपाऊन् भनेर के कसैले पानी रोक्न सक्छ र ?" ४८ अनि उनले
तिनीहरूलाई प्रभुको नाममा बप्तिस्मा लिनू भनी आज्ञा दिए । तब तिनीहरूले उनलाई केही दिनसम्म
रहिदिनुहोस् भनी विन्ती गरे ।

# पाठ ९

## क – शावल प्रभु येशूको मण्डलीलाई खेदो गरेका प्रेरित ७:५४–६०; ८:१–३

५४अनि यी कुराहरू सुनेर तिनीहरुका मुटु छेंड़िए र तिनीहरुले तिनीमाथि दाह्रा किटे । ५५तर तिनले
पवित्र आत्माले भरपूर भएर स्वर्गतिर डिठ लाएर हेरे, र परमेश्वरको महिमा र येशूलाई परमेश्वरको दाहिने
हातपट्टि उभिरहनुभएको देखे, ५६र भने : "हेर्नुहोस्, आकाशहरु खोलिएका र मानिसका पुत्रलाई परमेश्वरको
दाहिने हातपट्टि उचिरहनुभएको म देख्दछु !" ५७तब तिनीहरुले ठूलो सोरले चिच्च्याएर आफ्ना कान थुने, र
एकै मनमा भएर तिनीमाथि झम्टे, ५८अनि तिनलाई शहरदेखि बाहिर फालेर तिनीहरुले ढुङ्गाले हिर्काए; अनि
साक्षीहरुले आफ्ना लुगा शावल नाम भएको एउटा जवान मानिसका पाउनेर राखे । ५९अनि तिनीहरुले
स्तिफनसलाई ढुङ्गाले हिर्काए, जसले परमेश्वरलाई पुकारीरहेका थिए, र "हे प्रभे येशू, मेरो आत्मालाई
लिनुहोस् " भनी भनिरहेका थिए । ६०अनि घुँडा टेकेर ठूलो सोरले कराएर तिनले भने : "हे प्रभु, यो पाप
तिनीहरुमाथि नलगाउनुहोस् !" अनि यसो भनेपछि तिनी सुते ।

प्रेरित ८ : १-३

१ अनि शावलले तिनको हत्यामा सहमति दिरहेका थिए । अनि त्यस समयमा यरुशलेममा भएको
मण्डलीको विरोधमा एउटा ठूलो सतावत परिआयो; अनि प्रेरितहरुबाहेक तिनीहरु सबै यहूदीया र
सामरियाका इलाकाहरुभरि छरपुष्ट भए । २ अनि भक्तजनहरुले स्तिफनसलाई लगेर गाडे, र तिनका निम्ति
ठूलो विलाप गरे । ३ तर शावलले चाहिँ मण्डलीलाई उजाड पारिरहेका थिए, घर-घर पसेर, र पुरुष र
स्त्रीहरुलाई घिसारेर झ्यालखानामा हाल्दथे ।

# प्रभु येशू ख्रीष्टले मेरो निम्ति के गर्न सक्नुहुन्छ ?

## पद–सन्दर्भ पुस्तिका

### ख – स्वर्गबाट चम्केको ज्योति        प्रेरित ९ : १ –९

१ तर शावल अझै पनि प्रभुका चेलाहरुका विरोधमा धम्की र हत्याको फुत्कार छोड्दै महापूजाहारीकहाँ
गए, २ र यस पन्थलाई[ख] पालन गर्ने कोही पनि पाए भने, चाहे पुरुष होऊन् चाहे स्त्री, तिनीहरुलाई बाँधेर
यरुशलेममा ल्याउन पाऊँ भनेर उनले तिनलाई दमस्कसका सभाघरहरुका निम्ति पत्रहरु मागे । ३ अनि
यात्रा गर्दै - गर्दै उनी दमस्कसनेर आइपुगे, अनि एक्कासी उनको वरिपरि आकाशबाट ज्योति चम्क्यो । ४
अनि उनी भुइँमा लडे, अनि उनले आफूलाई यसो भन्दै गरेको आवाज सुने : "शावल, शावल, तिमी मलाई
किन सताउँछौ ?" ५ अनि उनले भने : "तपाईं को हुनुहुन्छ, प्रभु ?" अनि प्रभुले भन्नुभयो : "म यशू हुँ,
जसलाई तिमी सताउँछौ । सुइराहरुमा लात्ती हान्नु तिम्रा निम्ति कठिन छ ।" ६ अनि उनले थरथर काम्दै र
अचम्भित हुँदै भने : "हे प्रभु, म के गरुँ - तपाईं के चाहनुहुन्छ ?" अनि प्रभुले उनलाई भन्नुभयो : "उठ र
त्यस शहरमा जाऊ, अनि तिमीले जे गर्नुपर्छ, सो तिमीलाई बताइनेछ ।" ७ अनि उनीसँग यात्रा गर्ने
मानिसहरु सोरचाहिँ सुनेर, तर कसैलाई नदेखेर अक्क न बक्क भएर उभिरहे । ८ अनि शावल भुइँबाट उठे;
अनि जब उनका आँखा खोलिए, तब उनले कसैलाई देखेनन्; तर तिनीहरुले उनलाई हातमा समातेर
डोऱ्याउँदै दमस्कसमा ल्याए । ९ अनि उनले तीन दिनसम्म देख्न सकेनन्, अनि खाएनन् र पिएनन् पनि ।

### ग – शावल परमेश्वरको निम्ति चुनिएको पात्र भए        प्रेरित ९ : १० – २६

१० अनि दमस्कसमा हनानिया नाम भएका कुनै एकजना चेला थिए; अनि प्रभुले तिनलाई दर्शनमा
भन्नुभयो : "हे हनानिया" अनि तिनले भने : "हेर्नुहोस् प्रभु, म यहाँ छु ।" ११ अनि प्रभुले तिनलाई
भन्नुभयो : " उठ, र 'सीधा' भनिने सड़कमा पाऊ; अनि यहूदाको घरमा शावल नाम भएको टार्ससको
एकजना मानिसको षियमा सोधपुछ गर; किनभने हेर, ऊ प्रार्थना गरिरहेछ, १२ अनि हनानिया नाम भएको
मानिसलाई भित्र पसेको र उसले दृष्टि पाओस् भनेर उसमाथि आफ्नो हात राखेको उसले दर्शनमा देखेको
छ ।" १३ तब हनानियाले जवाफ दिए : "हे प्रभु, मैले धेरैजनाबाट उसको विषयमा, उसले यरुशलेममा
तपाईंका पवित्र जनहरुप्रति कति धेरै खराबी गरेको छ, सो सुनेको छु; १४ अनि यहाँ, जतिले तपाईंको नाम
पुकार गर्छन्, ती सबैलाई बाँध्ने अधिकार उसले मुख्य पूजाहारीबाट पाएको छ । १५ तर प्रभुले तिनलाई
भन्नुभयो : "तिमी जाऊ, किनकि ऊ अन्यजातिहरु,, राजाहरु र इस्राएलका सन्तानहरुको सामु मेरो नामको
घोषणा गर्नलाई मेरा लागि चुनिएको भाँड़ा हो; १६ किनभने उसले मेरा नामका निम्ति कति धेरै दु:ख
भोग्नुपर्छ, सो म उसलाई देखाउनेछु ।" १७ अनि हनानिया आफ्नो बाटो लागे, र त्यस घरभित्र पसे; अनि
आफ्ना हातहरु उनीमाथि राखेर भने : "हे भाइ शावल, तपाईं आउँदै गर्नुहुँदा, बाटोमा तपाईंकहाँ जुन प्रभु
अर्थात् येशू देखा पर्नुभयो, उहाँले नै तपाईंले देख्न सक्नुहोस्, र पवित्र आत्माले भरपूर हुनुहोस् भनेर मलाई
पठाउनुभएको हो ।" १८ अनि तुरुन्तै उनका आँखाबाट पाप्राहरुझैं केही खसे; अनि तत्कालै उनले दृष्टि
पाए, र उठेर बप्तिस्मा लिए । १९ अनि खाना खाएपछि उनले बल पाए । तब शावल केही दिनसम्म
दमस्कसमा भएका चेलाहरुसँग रहे । २० अनि तुरुन्तै उनले सभाघरहरुमा, 'उहाँ नै परमेश्वरका पुत्र
हुनुहुन्छ' भन्दै 'खीष्ट प्रचार गरे । २१ तर उनका कुरा सुन्नेहरु सबै छक्कै परे, र भने : "यो नाम
पुकार्नेहरुलाई यरुशलेममा नाश गर्ने यिनी नै होइनन् र ? अनि तिनीहरुलाई बाँधेर मुख्य पूजाहारीहरुकहाँ

लैजाने उद्देश्यले यहाँ पनि आएका होइनन् र ?” [२२] तर शावल झन्-झन् सामर्थी हुँदै गए, र ‘उहाँ नै
ख्रीष्ट हुनुहुन्छ’ भनी प्रमाण दिई-दिईकन दमस्कसमा बस्ने यहूदीहरुलाई हराईदिए । [२३] अनि धेरै दिन
बितेपछि यहूदीहरुले यनलाई मार्ने मतो गरे; [२४] तर तिनीहरुको षड्यन्त्र शावललाई थाहा भयो । अनि
उनलाई मार्न तिनीहरु दिनरात मूल-ढोकाहरुमा ढुकिबस्थे । [२५] तब चेलाहरुले राती उनलाई लगेर
पर्खालबाट टोकरीमा तल ओरालीदिए । [२६] अनि यरुशलेममा आइपुगेपछि शावलले आफूलाई चेलाहरुसँग
मिलाउने कोशिस गरे; तर उनी पनि चेला हुन् भनी विश्वास नगरेकाले तिनीहरु सबै उनीसँग डराए ।

### घ – शावलप्रति प्रभुको कृपा   १ तिमोथी १ : १२ – १७

[१२] अनि म ख्रीष्ट येशू हाम्रा प्रभुलाई, जसले मलाई सामर्थी तुल्याउनुभयो, धन्यबाद चढ़ाउँछु;
किनभने उहाँले मलाई विश्वासयोग्य सम्झनुभयो र सेवामा नियुक्त गर्नुभयो । [१३] हुन ता म पहिले निन्दा
गर्ने, सताउने र अत्याचारी थिएँ; तर मैले कृपा पाएँ, किनकि मैले यो अविश्वासमा नजानीकन गरें । [१४]
अनि हाम्रा प्रभुको अनुग्रहचाहिँ विश्वास र प्रेमसित, जो ख्रीष्ट येशूमा छ, साह्रै प्रशस्त भयो । [१५] यो
विश्वासयोग्य र हरप्रकारले ग्रहणयोग्य वचन हो - ख्रीष्ट येशू पापीहरुलाई मुक्ति दिनलाई संसारमा
आउनुभयो; जसमध्ये मुख्य म नै हुँ । [१६] तरै पनि अनन्त जीवन पाउनलाई पछिबाट उहाँमाथि विश्वास
गर्नेहरुका लागि एउटा नमुना बनाउनालाई येशू ख्रीष्टले पहिले ममा सारा सहनशीलता देखाउनुभयो[ख]; यहि
कारणले मैले कृपा पाएँ । [१७] अब अनन्त राजालाई, अविनाशी, अदृश्य, एकमात्र बुद्धिमान परमेश्वरलाई
आदर र महिमा सदासर्वदा भइरहोस् । आमेन् ।

### ङ – अन्तसम्म विश्वासयोग्य   २ तिमोथी ४ : ६ – ८

[६] किनकि म अर्घझैं चढ़ाइन लागेको छु, र मेरो विदाईको बेला आइपुगेको छ । [७] मैले असल
लडाइँ लडेको छु, मैले मेरो दौड़ पूरा गरेको छु, मैले विश्वासको रखवाली गरेको छ; [८] अब उप्रान्त मेरा
लागि धार्मिकताको मुकुट राखिएको छ, जोचाहिँ धार्मिक न्यायकर्ता प्रभुले त्यस दिन मलाई दिनुहुनेछ;,
मलाई मात्र होइन तर उहाँको आगमनलाई[क] प्रेम गर्ने सबैलाई पनि दिनुहुनेछ ।

# पाठ १०

### क – पावल प्रेरितको निम्ति परमेश्वरको अगुवाइ        प्रेरित १६ : ६ – १०

[६] अनि जब उनीहरु फ्रिगिया र गलातियाका प्रदेश भएर गए, र पवित्र आत्माद्वारा यशियामा वचन
प्रचार गर्न मनाही गरियो, [७] तब मुसियामा आएपछि उनीहरुले बिथिनिया जाने कोशिश गरे; तर आत्माले
उनीहरुलाई अनुमति दिनुभएन । [८] अनि मुसियाबाट भएर गएपछि उनीहरु त्रोआसमा  झरे । [९] अनि राती
पावलकहाँ एउटा दर्शन देखा पर्‍यो - म्यासिडोनियाका एकजना मानिस उभिरहेका थिए, जसले “यहाँ
म्यासिडोनियामा आएर हामीलाई सहायता गर्नुहोस्” भन्दै बिन्ती गरिरहेका थिए । [१०] अनि उनले त्यो दर्शन

देखेपछि, तिनलाई सुसमाचार प्रचार गर्नका लागि प्रभुले हामीलाई बोलाउनुभएको रहेछ भन्ने निश्चय गरेर तुरुन्तै हामी म्यासिडोनियामा जान खोज्यौं ।

### ख – एउटी व्यापार गर्ने स्त्रीले मुक्ति पाएको प्रेरित १६ : ११ – १५

[११] यसकारण त्रोआसबाट हामी जहाजद्वारा सीधा सामोथ्रिसियामा आयौं, अनि भोलिपल्ट चाहिँ नियापोलिसमा; [१२] अनि त्यहाँबबाट फिलिप्पीमा आयौं, जोचाहिँ म्यासिडोनियाको त्यस भागको मुख्य शहर, र रोमीहरुको बस्ती हो । अनि त्यस शहरमा हामी केही दिनसम्म रह्यौं ।

[१३] अनि विश्राम दिनमा हामी शहरबाट निस्की एउटा नदी किनारमा गयौं, जहाँ प्रार्थना चढ़ाउने चलन नै थियो, अनि त्यहाँ भएका स्त्रीहरुसँग बसेर हामीले कुरा गर्‍यौं । [१४] अनि लिडिया नाम भएकी, वैजनी बिक्री गर्ने, थियाटिरा शहरकी परमेश्वरको भक्ति गर्ने स्त्रीले सुनिरहेकी थिइन् । पावलद्वारा बोलिएको कुराहरुमा ध्यान लगाऊन् भनी प्रभुले उनको हृदय खोल्नुभयो । [१५] अनि जब उनले र उनको घरानाले बप्तिस्मा लिए, तब उनले हामीलाई यसो भन्दै विन्ती गरिन् : “तपाईंहरुले मलाई प्रभुप्रति विश्वासयोग्य ठान्नुभएको छन भने मेरो घरमा आइदिनुहोस् र रहनुहोस् ।” अनि उनले हामीलाई करमा पारिन् ।

### ग – एउटी जोखना हेर्ने ठिटीमा प्रभुको काम प्रेरित १६ : १६ – २३

[१६] अनि यस्तो भयो - जब हामी हामी प्रार्थन ।गर्न गइरहेका थियौं, तब जोखना हेर्ने आत्मा लागेको कुनै एउटी केटीले हामीलाई भेटी। जसले जोखना हेरेर आफ्ना मालिकहरुका लागि धेरै कमाइ ल्याउनेगर्थी । [१७] त्यसले पावल र हामीलाई पछ्याई, र यसो भन्दै कराई : “यी मानिसहरु सर्वोच्च परमेश्वरका दासहरु हुन्, जसले हामीलाई ‘मुक्तिको बाटो’ बताउँछन् ।” [१८] अनि यो कुरा त्यसले धेरै दिनसम्म गरिरही; यसकारण पावल दिक्क भएर पछिल्तिर फर्के, र त्यस आत्मालाई भने : “येशू ख्रीष्टको नाममा म तँलाई आज्ञा गर्छु - त्यसबाट निस्की !” अनि त्यही घड़ी त्यो बाहिर निस्क्यो ।

[१९] अनि त्यसका मालिकहरुले तिनीहरुको कमाइको आशा टुटेको देखे, तब तिनीहरुले पावल सिलासलाई पक्रेर बजारमा शासकहरुकहाँ तान्दै ल्याए, [२०] र यसो भन्दै उनीहरुलाई अदालतका हाकिमहरुकहाँ पुर्‍याए : “यी मानिसहरु यहूदी भएर हाम्रो शहरमा साह्र गड़बड़ी मच्च्याउँछन्, [२१] अनि यस्ता रीतिथिति सिकाउँछन्, जसलाई ग्रहण गर्नु र पालन गर्नुचाहिँ हामी रोमीहरुलाई उचित हुँदैन ।” [२२] अनि सारा भीड़ र एकसाथ उनीहरुको विरोधमा उठ्यो; अनि अदालतका हाकिमहरुले उनीहरुका लुगा च्यातिदिए, र उनीहरुले लौराले हिर्काउने हुकुम दिए । [२३] उनीहरुलाई धेरै कोर्रा लगाएपछि झ्यालखानाको हाकिमलाई “तिनीहरुलाई सुरक्षित राख्नू” भन्ने हुकुम दिएर तिनीहरुले उनीहरुलाई झ्यालखानामा हाले ।

### घ – प्रभु येशूले झ्यालखानाका हाकिमलाई बचाउनुभएको प्रेरित १६:२४ – ४०

[२४] यस्तो हुकुम पाएर तिनले उनीहरुलाई भित्रपट्टिको झ्यालखानामा हाले, र उनीहरुका खुट्टा ठिँगुराहरुमा कसिलो गरी हालिदिए । [२५] अनि मध्ये रातमा पावल र सिलास प्रार्थना गरिरहेका र

परमेश्वरको भजन गाइरहेका थिए, अनि कैदीहरुले उनीहरुलाई सुनिरहेका थिए । [२६] अनि एक्कासी एउटा
ठूलो भुइँचालो आयो, यहाँसम्म कि झ्यालखानाका जगहरु हल्लाइए; अनि तुरुन्तै सबै ढोकाहरु खोलिए, र
सबैका बन्धनहरु खोलिए । [२७] अनि झ्यालखानाका हकिमले निद्राबाट बिउँझेर झ्यालखानाका ढोकाहरु
खुल्लै देख्दा कैदीहरुचाहिँ भागिसके भन्ने सम्झी तरवार निकालेर आफैलाई मार्न लागेका थिए । [२८] तर
पावल यसो भन्दै ठूलो सोरले कराए : “आफूलाई केही हानी नगर्नुहोस्, किनभने हामी सबै यहीं छौं ।” [२९]
तब बत्ती मगाएर तिनी हाम फाल्दै भित्र पसे, र थरथर काम्दै पावल र सिलासका सामु भुइँमा घोप्टो परे,
[३०] अनि उनीहरुलाई बाहिर निकाले र भने : “हजुरहरु हो, मुक्ति पाउनलाई मैले के गर्नुपर्छ ?” [३१] अनि
उनीहरुले भने : “प्रभु येशू खीष्टमाथि विश्वास गर्नुहोस्, र तपाईंले मुक्ति पाउनुहुनेछ - तपाईंले र
तपाईंको परिवारले ।” [३२] अनि उनीहरुले तिनलाई र तिनका घरमा भएका सबैलाई प्रभुको वचन सुनाए ।
[३३] अनि रातको त्यही घड़ी तिनले उनीहरुलाइृ लगेर उनीहरुका घाउहरु धोइदिए, अनि उत्तिखेरै तिनले र
तिनका सबैले बप्तिस्मा लिए । [३४] अनि उनीहरुलाई आफ्नो घरभित्र ल्याएपछि तिनले उनीहरुका सामु
खानेकुरा राखिदिए, र आफ्नो सारा परिवारसहित परमेश्वरमा विश्वास गरेर आनन्द मनाए । [३५] अनि जब
दिन आयो , तब अदालतका हाकिमहरुले यसो भनेर अफिसरहरु पठाए : “ती मानिसहरुलाई जान देऊ ।”
[३६] अनि झ्यालखानाका हाकिमले पावललाई यसो भन्दै यो कुरा बताए : “अदालतका हाकिमहरुले
तपाईंहरुलाई छोडिदिनू भनी पठाउनु भएको छ; यसकारण अब निस्कनुहोस् र शान्तिसित जानुहोस् ।” [३७]
तर पावलले तिनीहरुलाई भने : “उनीहरुले हामी रोमी मानिसहरुलाई दोषी नठहराईकनै हामीलाई
खुल्लमखुल्ला पिटे, र हामीलाई झ्यालखानाभित्र हाले; अनि अहिलेचाहिँ उनीहरु हामीलाई सुटुक्कै
निकाल्छन ? यो साँच्चै हुँदैन ! तर उनीहरु आफै आऊन् र हामीलाई बाहिर निकालून् ।” [३८] अनि ती
अफिसरहरुले अदालतका हाकिमहरुलाई यी कुराहरु बताइदिए । अनि उनीहरु रोमी रहेछन् भन्ने कुरा सुनेर
तिनीहरु डराए । [३९] अनि तिनीहरु आएर उनीहरुलाई निवेदन गरे, र बाहिर निकाले, अनि तिनीहरुले
उनीहरुलाई, शहरबाट जानुहोस् भनी विन्ती गरे । [४०] अनि झ्यालखानाबाट निस्केर उनीहरु लिडियाको
घरमा पसे; अनि भाइहरुलाई भेटे र उनीहरुले तिनीहरुलाई सान्त्वना[क] दिए, र विदा भए ।